

निशुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com



PRATEEK DAILY

# प्रतीक

राष्ट्रिय 'क' वर्ग

दैनिक

eprateekdaily.com






अधिकृत बिक्रेताः
महाकाली इन्टरनेशनल प्रा.लि.
मुर्ली, वीरगंज-१३, पर्सा
मो: ९८५५०२२५८०



❖ वर्ष ३५ ❖ २०७९ जेठ २५ गते बुधवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2022 June 08 Wednesday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क २८०


## जिससको चुनावमा जसपा/एमाले र नेका/लोसपाबीच गठबन्धन

प्रस, वीरगंज, २४ जेठ/

जिल्ला समन्वय समितिको उपसभापति र चार सदस्य पदको लागि भागबन्डा भएको छ। जसपाको तर्फबाट




जिसस पर्सामा उम्मेदवारी दर्ता गराउँदै । तस्वीरः प्रतीक

सभापतिलगायत अन्य पदको लागि जसपा, एमाले तथा काङ्ग्रेस र लोसपाले संयुक्त प्यानल खडा गरेका छन् । जेठ २७ गते हुने भनिएको जिससको निर्वाचनमा आज आआफ्नो दाबेदारी पेश गरेका छन् ।

जसपा र एमालेको संयुक्त प्यानलबाट सभापति र तीन सदस्य र एमालेतर्फबाट सभापति पदमा निरञ्जनसाह सोनार भन्ने अजय सर्राफ, सदस्यहरूमा विजय कुर्मी, वयन्तीदेवी, रेखा साह भन्ने राजपतिदेवीले उम्मेदवारी दर्ता गराएका छन् भने नेकपा एमालेबाट उपसभापतिमा पूरन साह, सदस्यहरूमा सलीम मियाँ अन्सारी, सुशीला कामी, श्रीकान्तीदेवी थरुनी, रामप्रसाद यादवले उम्मेदवारी दर्ता गराएका छन् ।

त्यसैगरी नेका र लोसपाको गठबन्धनले सभापतिमा सरोज चौधरी, उपसभापतिमा कुमारी सोनी, सदस्यहरूमा सन्दीप साह, मनोज रौनियार, महमुद राय, महिला सदस्यमा वसन्ती थरुनी, सीतादेवी थरुनी, भागवतीदेवी धिताल र लोसपाबाट प्रेममुखिया बिनलेउम्मेदवारी दर्ता गराएका छन् ।

पर्सा जिल्लामा चौधवटा स्थानीय तहका प्रमुख, उपप्रमुख गरी २८ जना मतदाता रहेका छन् जसमध्ये अहिलेको संयुक्त प्यानल जसपा र एमाले गठबन्धनको पक्षमा १५ र नेका र लोसपा गठबन्धनको पक्षमा १३ मत हुने बुझिएको छ ।

अहिलेसम्म विभिन्न चरणाको चुनावमा जसपा र नेका एक भई चुनाव लड्दै आएकोमा समन्वय समितिको चुनावमा फरक गठबन्धनगरेपछि नेताहरुबीच विवाद शुरु भएको छ । महानगर र वीरगंज मनपाको कार्यसमिति सदस्यको छुट्टाछुट्टै निर्वाचनमा नेका र जसपाले आआफ्नो उम्मेदवारलाई जिताएका थिए भने जिससको निर्वाचनमा नेका र जसपा फरक धारमा गएपछि जिल्ला नेतृत्वका नेताहरूबीच विवाद चुलिएको छ ।

## सर्वोच्च अदालतद्वारा गौशालाको जग्गा सार्वजनिक कायम

प्रस, जीतपुर, २४ जेठ/

वीरगंज-पथलैया सडकखण्डमा पर्ने जीतपुर गौशालाको कित्ता नं. २४५ को १२ कठ्ठा र कित्ता नं. ६१ को चार



वीरगंज-जीतपुर गौशालाको जग्गा र निर्माणाधीन भवन । तस्वीरः प्रतीक

कठ्ठा जग्गा वीरगंज-जीतपुरका केही व्यक्तिले किर्ते कागज बनाई वीरगंज-जीतपुर गौशालाको हो भनी प्लाटिङ गरी विभिन्न व्यक्तिलाई बिक्री गरेका थिए । सोको विरोधमा साबिक जीतपुर गाविस, हाल जीतपुरसिमरा उपमहानगरको भोगको जग्गा भएकोले सार्वजनिक कायम गरी पाउँ भनी तत्कालीन जीतपुर गाविसका अध्यक्ष देवनारायण चौधरी, वडाध्यक्ष वीरेन्द्र गिरीले दायर गरेको मुद्दामा सर्वोच्च अदालतका कामु प्रधानन्यायाधीश दीपक कार्की र न्यायाधीश डा कुमार चुडालको इजलासले यही जेठ २३ गते फैसला गरेको जीतपुरसिमरा उद्योग वाणिज्य सङ्घका अध्यक्ष सञ्जयकुमार साहले बताएका छन् ।

जीतपुरसिमरा उपमहानगरपालिका-७ जीतपुर बजारस्थित वीरगंज-जीतपुर गौशालाको रु ३२ करोड मूल्य पर्ने १६ कठ्ठा जग्गा सर्वोच्च अदालतले सार्वजनिक कायमगरी जीतपुरसिमरा उपमहानगरपालिकालाई हकभोग गर्न दिने फैसला गरेको छ ।

## वीरगंज महानगरको सडक फूटपाथ अतिक्रमण हटाइँदै

प्रस, वीरगंज, २४ जेठ/

वीरगंज महानगरपालिकाले सडक, फूटपाथमा व्यवसाय गर्नेहरूलाई हटाएको




तस्वीरः प्रतीक

छ। लामो समयदेखि सडक, फूटपाथमा व्यवसाय गर्दै आएकालाई नगर प्रहरीले यता केही दिनदेखि हटाएर सडक, फूटपाथ खाली गराएको हो ।

व्यवसायीहरूले फूटपाथ मिचेर कारोबार बढाएको र सडकमा जथाभावी ठेलागाडा राखेर व्यवसाय गर्दै आएकाहरूलाई महानगरले हटाउन शुरू गरेको हो ।

अहिले घण्टाघरदेखि अलखियामठसम्मको क्षेत्रको फूटपाथ अतिक्रमण गर्नेहरूको सामान नगर प्रहरीले हटाएको छ। जसले गर्दा फूटपाथ अहिले खाली भएको छ र बटुवाहरूलाई हिंड्न सहज भएको छ ।

नेपाल टेलिकम वीरगंज कार्यालयको पूर्वपट्टिबाट माईस्थान-गहवामाई मन्दिर सडकखण्डमा पनि जथाभावी पसल गर्नेहरूलाई तह लगाएपछि अहिले सो क्षेत्र पनि फराकिलो भएको छ ।

नगरप्रमुखमा राजेशमान सिंह निर्वाचित भएपछि सडक फूटपाथ खाली गराउनेदेखि सरसफाइमा पनि विशेष ध्यान दिइएको छ । अहिले वीरगंज महानगरको मेनरोडको सफाइ हेर्नलायक भएको छ। बिहान, दिउँसो र बेलुका तीन चरणमा महानगरको मेनरोडलगायत सहायक रोडहरूमा तोकिएको ठाउँबाट फोहर सङ्कलन हुँदै आएको छ। वीरगंज महानगर र एनके इन्टरनेशनलबीच साझेदारीमा सरसफाइ हुँदै आएको छ ।

अहिले मानिसहरूले तोकिएको ठाउँमा फोहर थुपार्ने र सफाइकर्मीहरूले सङ्कलन गर्दै आएका छन् । यस अघि शहरको यत्रतत्र मानिसले फोहर थुपार्ने र सफाइकर्मीहरूलाई फोहर उठाउन पनि अप्ठेरो भएको थियो ।

## आपराधिक गतिविधि नियन्त्रणका लागि दुई देशबीच छलफल

प्रस, वीरगंज, २४ जेठ/

सीमावर्ती भारतीय बजार भेलाहीमा




तस्वीरः प्रतीक

राजनीतिक दल तथा सुरक्षाकर्मीको संयुक्त बैठक सम्पन्न भएको छ । सीमा क्षेत्रमा हुने आपराधिक गतिविधिको निगरानी तथा सर्वसाधारणले खरीद गरी ल्याउँदा सीमामा बसेका सुरक्षाकर्मीले दुःख दिने र दुवै देशका सवारी साधनलाई स्थानीय बजारसम्म आवतजावत गर्न दिने विषयमा छलफल भएको थियो ।

सीमा क्षेत्रका जनताबीच सदीऔंदेखि सम्बन्ध रहेको तर दुवै देशका सुरक्षा निकायले आवतजावतमा अवरोध खडा गर्ने, कुटपिट गर्ने, सवारी साधन नियन्त्रणमा लिई कारबाई प्रक्रिया अगाडि बढाउने गरेको जनप्रतिनिधिहरूले गुनासो गरेका थिए ।

भेलाहीका मुखिया सुमन पटेलको अध्यक्षतामा भएको बैठकमा जदयु प्रदेश सचिव भुवन पटेल, जिल्ला पार्षद् महम्मद नवीन, भेलाही थानाका इन्चार्ज मनोज कुमार, सशस्त्र प्रहरी निरीक्षक खड्कबहादुर खड्का, अस्थायी प्रहरी पोस्ट परसौनीका इन्चार्ज दीपबहादुर राना, समाजसेवी बाबूलाल मेहता, अर्जुन मेहता, धीरेन्द्र पटेल, विनोद मेहतालगायतले मन्तव्य व्यक्त गरेका थिए ।

## विमानस्थल बनाउन जोडदार माग

प्रस, निजगढ, २३ जेठ/

निजगढ अन्तर्राष्ट्रिय विमानस्थल निर्माण गर्न जोडदार माग गर्दै पहिलो चरणमा अभियन्ताहरू २४ घण्टे रिले अनशनमा बसेका छन् । रिले अनशनमा बस्नेहरूमा निजगढ सार्वजनिक सरोकार समितिका अध्यक्ष एकबहादुर श्रेष्ठ, मोजहर मन्सुर, भीम सापकोटा, वासुदेव तिमल्सिना, पद्मबहादुर भण्डारी, गोपाल लम्साल, लीलादेवी लामिछाने, कृष्ण प्रसाद खरेल, लक्ष्मी गौतम, भोलाप्रसाद




तस्वीरः प्रतीक

गौतम, जोशीमाया तामाङ, चण्डिका उप्रेती, आशा चौलागाई, खड्गप्रसाद उप्रेती रहेका छन् ।

अनशनकर्ताहरू निजगढका राजनीतिककर्मी, समाजसेवी, बुद्धिजीवी हुन् । मङ्गलवार दिउँसो तीन घण्टा निजगढस्थित शहीद चोक अवरुद्ध गर्दै प्रदर्शन गरी सडक अवरुद्ध पारी अभियन्ताहरू रिले अनशनमा बसेका हुन् । सरकारलगायत अधिकांश राजनीतिक दल अन्तर्राष्ट्रिय विमानस्थल निजगढमा बन्नुपर्ने कुरामा जोडदार आवाज उठाउँदै आएका छन् । सर्वोच्च अदालतका ५ जना न्यायाधीशले जेठ १२ गते विमानस्थल निर्माण गर्दा वातावरण, पर्यावरणमा गम्भीर असर पर्ने, वन्यजन्तु, पानीको मूल, सिमसार क्षेत्र मासिने, हात्ती, बाघ जस्ता वन्यजन्तुको वासस्थान मासिने जनाउँदै विमानस्थल निर्माणको विपक्षमा निर्णय गरेसँगै विरोधमा निजगढमा निरन्तर सडक सङ्घर्ष भइरहेको छ ।

आन्दोलनकारीहरूले 'ले ले जनता खुकुरीले, विकास विरोधी न्यायाधीशहरूलाई छप्काई दे, विकास विरोधी न्यायाधीश देश छोड' जस्ता नारा लगाउँदै अविलम्ब निजगढ अन्तर्राष्ट्रिय विमानस्थल निर्माण गर्न सर्वोच्चले निर्णय उल्टाउनुपर्ने माग राख्दै आएका छन् । अढाई दशकभन्दा बढी समयदेखि

(बाँकी अन्तिम पातामा)

## मल तस्करीको आरोपमा महिला जेल चलान

प्रस, सिम्रौनगढ, २४ जेठ/

बाराको सीमावर्ती भारतको आदापुर बाट दुई बोरा मल तस्करी गरेको आरोपमा एक जना महिलालाई जेल चलान गरिएको छ ।

आदापुरबाट साइकलमा दुई बोरा मल लोड गरी नेपाल भित्र्याउने बेला सीमामा तैनाथ एसएसबीका जवानहरूले मल पक्राउ गर्दा महिला र एसएसबीच विवाद बढेर झडप भएको थियो ।

पछि एसएसबीका जवानले आदापुर थानाको प्रहरीलाई सूचना गरी महिला तस्करलाई अदापुर थानालाई बुझायो ।

## विचारसार र सूक्तिहरू

तिम्रो मुखबाट शब्द निस्कनुपहिले तीनवटा जाँच गर्नुपर्छ। पहिलो के यो सत्य हो, दोस्रो के यो जरुरी छ र तेस्रो के यो प्रिय छ ?

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com

## रात रह्यो अग्राख पलायो

काममा विलम्ब हुँदा नोक्सान मात्र हुन्छ। विलम्ब हुँदा विभिन्न तर्कवितर्क हुने, खर्च बढ्ने त आफ्नो ठाउँमा छ, राज्यकै विभिन्न निकायबीच विवाद उत्पन्न हुने समस्या पनि देखिन्छ। निजगढ अन्तर्राष्ट्रिय विमानस्थल निर्माण सम्बन्धमा पनि त्यही समस्या देखिन थालेको छ। दुई दशकदेखि परिकल्पना गरिएको र पछिल्लो समय काम पनि शुरू भइसकेको विमानस्थल निर्माण विषयमा सर्वोच्च अदालतले काम रोक्ने आदेश नै जारी गऱ्यो। यसले गर्दा मन्त्रिपरिषद् र न्यायालयबीच द्वन्द्व देखिन थालेको छ। विमानस्थल बन्नुपर्छ वा बन्नुहुँदैन भन्ने विवादको समय बितिसकेको थियो। किनकि सरकारले विभिन्न प्रतिरोधी विचार समाजमा सलबलाइरहँदा काम आरम्भ गरेको थियो। राज्यको थुप्रै लगानी, समय र नागरिकको उठीवास लागिसकेको छ। जुन पर्यावरण विनाशको नारा दिएर सर्वोच्चमा रिट परेको थियो, त्यसको नाश भइसकेको छ। विमानस्थलले ओगट्ने भनिएको ठूलो ठाउँको रूख–बिरूवा, झार–बुट्यान सोत्तर पारिसकिएको छ। राज्यको अर्बौंको लगानी खेर जानेगरी फैसला भएको छ, अन्तिम निष्कर्ष जे निस्कोस् देशको समय र पैसा भने फर्केर आउँदैन, विमानस्थल निर्माण भएन भने उजाड भूभाग फेरि हरियालीमा परिणत हुनेछैन।

विमानस्थल निर्माणमा भएको ढिलाइ, सरकारको निर्णय मात्र गर्ने, काममा तदारूकता नदेखाउने शैलीले यस्ता कैयौं योजना अलपत्र परेका छन्। कैयौं त बन्दै नबन्ने अवस्थामा पुगेका छन्। जुन आयोजना बनेका पनि छन्, त्यसबाट लाभग्राहीलाई यथेष्ट उपलब्धि हासिल हुन सकेको छैन। अब एकातिर विमानस्थलबाट प्रत्यक्ष लाभान्वित हुने नागरिकको प्रचण्ड विरोध, लाचारीले निहुरमुन्टो लगाएको सरकार तथा विमानस्थल विरोधी तबकाको न्यायालयप्रदत्त समर्थनले कुन रूप लिने हो भन्न सकिने अवस्था छैन। विमानस्थल निर्माण हुनुपर्ने वा नपर्ने समूहबीच निजी लाभ र समग्र समाजको लाभ उभिएको थियो। सरकारको हचुवा निर्णयले त्यो समयले नेटो काटिसकेको छ। पहिलो कुरा त विवाद जुन बुँदाका लागि थियो, त्यो अब बाँकी नै रहेन। तर यस्ताको पक्षमा सर्वोच्चको निर्णय आयो। एउटा दुरभिसन्धिको अवस्था देखिएको छ। नखाउँ दिनभरिको शिकार, खाउँ कान्छाबाबुको अनुहार भन्ने उखानको हविगत देखिन पुगेको छ।

यो यस्तो अवस्था हो, जसको कुनै मध्यमार्ग छैन। कि विमानस्थल त्यहीं बन्नुपर्छ किंवा बन्नुहुँदैनबाहेक अर्को विकल्प छैन। विकल्पहीनता यस मानेमा कि विमानस्थल बनाउने क्रममा जेजति काम भएका छन्, जेजति भूमि खाली गराइएको छ, त्यसको प्राकृतिक व्यवस्थापन सम्भव छैन। यसो त विमानस्थल अन्यत्र बनाउने थुप्रै विकल्प छ। आज जुन अवस्था उत्पन्न भएको छ, त्यो विमानस्थल बनाउनु अघि हुनुपर्ने थियो। त्यसमा नोक्सानरहित बहसको गुन्जाइस थियो। त्यसमा दुवै पक्षकोस न हार, न जीतको अवस्था थियो। कुनै पनि विकासको जग केही न केहीको विनाशमा मात्र सम्भव छ। बुद्धिमानी के कुरामा देखिन्छ भने विनाशको भार विकासभन्दा बढी नहोस्। विकासले आफ्नो धरातलको विनाशमा पुऱ्याएको क्षतिको भरपाई गर्न सकोस्। यहाँ त्यस्तो केही देखिन्न, देखिने आस पनि छैन। नेपालका अदूरदर्शी नेताहरूको चालामाला हेर्दा निरूपाय व्यक्तिले होही वही जो राम रचिराखा भन्ने तुलसीदासको वचनमा भरोसा गरेजस्तै नेपालीहरूले पनि देश र आफ्नो भविष्य भगवान् भरोसे छाड्नुबाहेक केही हुन सक्दैन।

# विश्व वातावरण दिवस र निजगढ विमानस्थल

स्वतन्त्र विचार



विनोद गुप्ता

**मुट्ठीभर चिल्लो मान्छेको भलो सोच्नुभन्दा समग्र देशको पक्षमा विचार गरेर सिमरालाई अन्तर्राष्ट्रिय विमानस्थल निर्माण गर्न सम्पूर्ण नेपाली र मधेस प्रदेशका जनताले आवाज उठाउनु सान्दर्भिक हुने र विश्व वातावरण दिवस मनाएको सार्थक हुनेछ।**

५ जूनमा सम्पूर्ण विश्वले विश्व वातावरण दिवस मनाइरहेको पूर्वसन्ध्यामा वीरगंज उद्योग वाणिज्य सङ्घको वार्षिक साधारणसभामा सहभागी अर्थमन्त्री जनार्दन शर्माले निजगढमा अन्तर्राष्ट्रिय विमानस्थल जसरी पनि बन्ने उद्घोष गरेका छन्। सर्वोच्च अदालतको संवैधानिक पीठको फुलबेन्चले गरेको निर्णयविपरीत भएको यो उद्घोषले यसबारे थप जानकारी बुझ्नैपर्ने भएको छ। सिद्धान्ततः शक्ति पृथकीकरणको आधारमा प्रजातन्त्रमा स्वतन्त्र न्यायालयको स्थापना भएको हुन्छ र विधायिकाले निर्माण गरेको कानूनको मर्म र भावना अनुसार कार्यपालिकाले कार्यान्वयन गरे नगरेको सम्बन्धमा विवाद आएमा देशको संवैधानिक व्यवस्था र कानून अनुसार न्यायपालिकाले निर्णय दिने भएकोले वर्तमान सरकारले त्यसको अवज्ञा गर्नु प्रजातन्त्रकै खिल्ली उडाएको मानिने छ। अब यसबाट बाहिर निस्केर स्वतन्त्र नागरिकको हैसियतमा एकपटक निजगढ विमानस्थलको लाभ–हानिको चर्चा गर्नु यहाँ असान्दिर्भिक हुनेछ।

विश्वमैं अत्यन्त व्यस्त मानिने बेलायतको हिथ्रो विमानस्थलले बर्सेनि करीब ८ करोड यात्रीलाई सेवा दिइरहँदा यसको क्षेत्रफल १२२७ हेक्टर, सिङ्गापुर विमानस्थलले ६.५ करोड यात्रीलाई सेवा दिइरहँदा यसको क्षेत्रफल १३ सय हेक्टर र भारतकै दिल्लीको इन्दिरा गाँधी विमानस्थलको आन्तरिकतर्फको रनवे समेतगरी ५ हजार हेक्टर क्षेत्रफल रहेको परिप्रेक्ष्यमा निजगढ विमानस्थलको लागि नेपाल सरकारले २०७४ सालमा २०४५ हेक्टर क्षेत्रफलमा निर्माण गर्नेगरी इआइए प्रतिवेदन स्वीकृत गरेको देखिन्छ। जम्माजम्मी पुग नपुग २० लाख पर्यटक भित्र्याउने तयारीमा रहेको देशमा पोखरा र भैरहवा गरी दुई–दुईवटा क्षेत्रीय विमानस्थल निर्माण भइसकेको अवस्थामा ८०४५ हेक्टर क्षेत्रफलको विमानस्थलको औचित्य बुझ्न कठिन छ। यो विमानस्थलको निर्माण अन्तर्राष्ट्रिय नागरिक उड्डयन सङ्गठन एशियाली विकास बैंक र विश्व बैंकसमेतको मापदण्ड अनुसार पर्सा र चितवन राष्ट्रिय निकुञ्ज नजीक पर्ने भएकोले विपरीत हुने देखिन्छ।

प्रस्तावित ८०४५ हेक्टरमध्ये ७००३ हेक्टर वनले ओगटेको क्षेत्र हो। समग्र नेपालमा ४४ प्रतिशत वन क्षेत्र रहेकोमा मधेस प्रदेशमा सबभन्दा कम १.६१२ प्रतिशत मात्रै वन क्षेत्र रहेको र यत्तिकै वनले अडुवा, जमुनी, तियर, काटघाट, बडकी पैनी र जोकाहामा निरन्तर पानी बगिरहेको छ। यो नदीनाला सुक्ने हो भने बारा जिल्लाका दक्षिणी भेगका किसानको सिंचाइ सुविधा समाप्त हुनेछ। सरकारी तथ्याङ्क अनुसार नै २४ लाख रूख बिरुवा काट्ने भनिएकोमा एउटा रूखले वर्षमा करीब १५० टन भूमिगत पानी वाष्पीकरण प्रक्रियाबाट वायुमण्डलमा फाल्ने र त्यही पानी ठूला भएका वृक्षहरूका कारण स्थिर विद्युतीय आकर्षणको प्रक्रियाबाट वर्षाको रूपमा धरतीमा फर्किने प्रक्रियामा कति क्षति पुग्नेछ अनुमान गर्न सकिन्छ। यो त भयो पानीको कुरा, अब कुरा गरौं अक्सिजन र कार्बन डाइअक्साइडको। एउटा वयस्क बिरुवाले वर्षमा १०३ लिटर अक्सिजन फ्याँक्ने र २२ केजी कार्बन डाइअक्साइड सोस्ने गर्छ भने २४ लाख बिरुवा काट्दा वायुमण्डलमा करीब २,४७,२०० टन अक्सिजनको उत्पादन घट्ने छ। आरामको बेला एउटा स्वस्थ व्यक्तिले ७–८ लिटर वायु सासमार्फत भित्र्याउने हुँदा प्रतिदिन औसत ११ सय लिटर वायु बाँच्नको लागि चाहिन्छ। व्यक्तिले सास लिएको हावामा २० प्रतिशत र सास फेरेको हावामा १५ प्रतिशत अक्सिजन पाइने भएकोले ५ प्रतिशत अक्सिजनको दरले हिसाब गर्दा प्रतिव्यक्ति ५५ लिटर अक्सिजन/प्रतिदिन चाहिने देखिन्छ। यो आवश्यकता पूरा गर्न एक व्यक्तिको लागि न्यूनतम ५ सय वयस्क बिरुवा आवश्यक पर्छ। यो सङ्ख्या अमेरिकामा प्रतिव्यक्ति ५ सय, चीनमा २९ सय, रूसमा ५ हजार छ, भारत र नेपालको तथ्याङ्क भेटिंदैन।

नेपालकै नियम अनुसार एउटा वयस्क रूख काट्दा २५ वटा नयाँ वृक्ष रोप्नुपर्ने र २४ लाख रूखको २५ गुना बढी रूख लगाउँदा अनुमान अनुसार करीब २९ हजार हेक्टर जग्गामा रूख लगाउनुपर्ने हुन्छ। यस सम्बन्धमा सरकार भने हालसम्म मौन छ। निजगढमा विमानस्थल नबने फास्ट ट्र्याकमा निजगढ विमानस्थलभन्दा अन्य गाडीहरू बढी दौडिने र यसले राष्ट्रलाई वार्षिक करीब ३० अर्बको बचत हुने देखिन्छ। तर शुरू गर्दा ६७ अर्बको यो परियोजना २०१७ सम्म पनि बनेको भए करीब ९५ अर्बमा बनिसक्नुपर्ने थियो तर आजसम्म परियोजनाको जम्माजम्मी २१ प्रतिशत काम मात्र भएको छ र अब यो जसरी पनि २०२५ सम्म सकिंदा ३ सय अर्बमा २०२५ मा पनि बनिसक्ने ग्यारेन्टी नभएको देशमा निजगढ विमानस्थलले यो गति बेहोर्नुपर्ने के ग्यारेन्टी छ ? जसरी दुरुपयोग भइरहेको सबै रकम र हुने रकमसमेत आम नेपाली जनताले तिरेको करबाट नै बेहोरिने भएकोले यसको लेखाजोखा गर्नुपर्ने भएको छ। निजगढमा विमानस्थलसँगै स्मार्ट सिटी बनाउने योजना रहेकोले त्यहाँ विमानस्थल क्षेत्र वरिपरिका जग्गा जमीन सबै नेपालका ठूलाबडाले खरीद गरिसकेकाले त्यहाँ विमानस्थल नबन्दा तिनलाई ठूलो मर्का पर्नेबाहेक अन्य कसैलाई मर्का पर्ने देखिंदैन। सर्वोच्चले विकल्प खोज्नु भनेको छ, नबनाउनु भनेको छैन। त्यसैले यसको उत्तम विकल्प ठूलै विमानस्थल बनाउनु हो भने मूर्तियातिर वन जङ्गल क्षेत्र फडानी नहुनेगरी उपलब्ध जग्गामा योजना बनाउने र तत्कालका लागि क्षेत्रीय विमानस्थल निर्माण गर्न गरिएको ८ ठाउँको अध्ययनमा सिमराको समेत अध्ययन भएकोले पहिलो चरणमा थप करीब ६ सय मिटर रनवे बढाई एयरबससम्म अवतरण गर्न सक्ने र दोस्रो चरणमा ५ सय बिघा जग्गामा गरी १०–१५ अर्बको मुआब्जा मात्र भुक्तानी गरी अन्तर्राष्ट्रिय स्तरको विमानस्थल बनाउन सकिन्छ। सिमरा विमानस्थल विस्तार गर्दा हवाई अनुमति लिनु नपर्ने, रात्रि उडानसमेत सञ्चालन गर्न सकिन्छ। सिमराबाट १०–१२ मिनेटमैं शटल फ्लाइटबाट पर्यटक काठमाडौं पुऱ्याउन सकिन्छ। भैरहवा र पोखरा क्षेत्रीय विमानस्थल बने पनि भारतले नयाँ रूट नदिएसम्म विमानस्थल सञ्चालन हुन सक्दैन।

निजगढ विमानस्थल निर्माणमा तीन खर्ब लाग्ने प्रक्षेपण गरिएको छ। विमानस्थल निर्माण गर्दा जैविक विविधता, परिमार्जित प्रशासकीय सेवाको विनाश र अन्य खर्चगरी करीब २,४७७ अर्बको नोक्सानी हुन्छ। त्यसैले मुट्ठीभर चिल्लो मान्छेको भलो सोच्नुभन्दा समग्र देशको पक्षमा विचार गरेर सिमरालाई नै अन्तर्राष्ट्रिय विमानस्थल निर्माण गर्न सम्पूर्ण नेपाली र विशेष गरी मधेस प्रदेशका जनताले आवाज उठाउनु अत्यन्त सान्दर्भिक हुने र विश्व वातावरण दिवसलाई सम्बोधन गर्ने सार्थक प्रयास हुने मेरो विश्वास छ।

# टिआइएमा किन भइरहन्छ बारम्बार हवाई ट्राफिक जाम ?

– सिबी अधिकारी

काठमाडौं, २४ जेठ/रासस

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल (टिआइए) देशको पुरानो ऐतिहासिक विमानस्थल हो। टिआइए सञ्चालनमा आएको करीब ७० वर्षपछि मुलुकभित्र दोस्रो अन्तर्राष्ट्रिय विमानस्थलका रूपमा भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल हालै सञ्चालनमा आएको छ। निर्माणाधीन पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल शीघ्र सञ्चालनको तयारीमा छ।

मुलुकभित्र तीनवटा अन्तर्राष्ट्रिय विमानस्थल भएका छन्। करीब २८ वर्षदेखि चर्चामा रहेको निजगढ अन्तर्राष्ट्रिय विमानस्थल निर्माणको बहस पनि जारी छ। तर देशको राजधानीमा रहेको पुरानो ऐतिहासिक टिआइए पूर्ण क्षमतामा सञ्चालन हुँदा पनि हवाई यात्रीको चाप धान्न हम्मेसी गाऱ्हो पर्छ। भूधरातलीय स्वरूप, मनसुनी प्रभाव तथा एयरलाइन्सको स्लट व्यस्थापन प्रभावकारी नहुँदा टिआइएमा बारम्बार हवाई ट्राफिक जाम हुने गरेको पाइएको छ।

अन्तर्राष्ट्रिय उडान डेढ घण्टासम्म आकाशमा फन्को लगाउने 'होल्ड' हुने गरेका छन्। अन्तर्राष्ट्रिय मात्र हैन आन्तरिक उडानमा पनि बेलाबेला होल्ड तथा जहाज अन्यन्त्र मोडिनु 'डाइभर्ट' हुने गरेका छन्। त्यसो त टिआइएमा बारम्बार दोहोरिने यो समस्या समाधानका लागि नियामक नेपाल नागरिक उड्डयन प्राधिकरण, टिआइए नागरिक उड्डयन कार्यालय तथा सञ्चालित एयरलाइन्सले पहल नगरेका भने हैनन्। तर, टिआइएको समस्या जहाँको तहीं छ। सरोकारवाला विज्ञ विमानस्थल साँघुरो भएकोले विस्तार गर्ने योजना कार्यक्रम अघि बढाइरहेका छन्।



तस्वीर: फाइल

कुल ९२ लाख यात्री क्षमताको टिआइएको क्षमता अभिवृद्धि र एयर ट्राफिक कन्ट्रोल र स्लट व्यवस्थापनमा जुटिरहेकै देखिन्छ। तथापि टिआइएमा जहाज होल्ड हुने र उडान समयावधि तल–माथि हुने समस्या निदान हुन सकेको छैन। अहिले हवाई ट्राफिक जामले जहाज होल्ड हुनाका साथै डाइभर्ट गर्नुपर्ने विमानस्थलको बाध्यता छ। यसमा विशेषगरी हवाई यात्रीले त्रसित र जोखिमपूर्ण हवाई यात्रा गर्नुपर्ने बाध्यता बढेको छ।

टिआइएमा बारम्बार हवाई ट्राफिक जाम हुनेबारे प्राधिकरणका पूर्व महानिर्देशक सञ्जीव गौतम विशेषगरी मौसम र स्लट व्यवस्थापन प्रभावकारी हुन नसक्दा एयर ट्राफिक जाम हुने गरेको अनुभव सुनाउँछन्। "कहिलेकाहीं डेढ घण्टासम्म हामी आफैं पनि एयर ट्राफिक जाममा परेको अनुभव छ, मौसमी कारण हो भिजिबिलिटी कमजोर हुँदा जहाज अवतरण उडानमा समस्या हुने गर्दछ।"

मनसुनको समयमा टिआइएमा बढी जहाज होल्ड हुने गरेका छन्। विदेशी एयरलाइन्स पनि सहज समयमा मात्रै उडान भर्न चाहने अर्थात् दिउँसोको समय उनीहरूको रोजाइ पर्ने भएकोले पनि स्लट व्यवस्थापनमा चुनौती देखिएको पूर्वमहानिर्देशक गौतमको भनाइ छ। आन्तरिक उडानमा पनि एयरलाइन्स प्रायः एकै समयमा स्लट लिने भएकाले उडान चाप हुने बताइन्छ। प्राधिकरणले टिआइए २४ घण्टा र आन्तरिक उडान १८ घण्टा अर्थात् आन्तरिक उडान पनि बिहान ५ बजेदेखि राति १२ बजेसम्म सञ्चालन गर्ने निर्णय गरिसकेको छ।

टिआइएको हालको दुवैतर्फको टर्मिनल भवन साँघुरो रहेको र कतिपय प्राविधिक उपकरण व्यवस्थापन हुन नसक्दा पनि हवाई उडान व्यवस्थापनमा समस्या उत्पन्न भइरहेको छ। वायुसेवा सञ्चालक सङ्घ नेपालका प्रवक्ता योगराज कँडेल शर्मा पनि मौसम खराबीका साथै स्लट व्यवस्थापन राम्रो नभएकोले हवाई ट्राफिक जाम बढेको बताउँछन्। उनले भने–"विमानस्थलको स्लट क्यापासिटी कम छ, जहाज थपिइरहेका छन् तर विमानस्थल विस्तार भएको छैन, एक मात्रै धावनमार्गमा सबै जहाज एक समय उडान भर्न चाहन्छन् यसले पनि चाप बढेको देखिन्छ।" मौसमी

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस्। रिलिफ भवन फोन: ९८४५११९४४८

# मधेस प्रदेश : सरकारको नीति तथा कार्यक्रममाथि छलफल शुरू

जनकपुर, २३ जेठ/रासस

मधेस प्रदेशसभामा प्रस्तुत प्रदेश सरकारको आगामी आर्थिक वर्ष २०७९/८० को नीति तथा कार्यक्रममाथि छलफल शुरू भएको छ। प्रदेशसभाको नवौं अधिवेशनअन्तर्गत गत जेठ २२ गते बसेको प्रदेशसभा बैठकमा प्रदेश प्रमुख हरिशङ्कर मिश्रले सरकारको आगामी आवको नीति तथा कार्यक्रम प्रस्तुत गरेका थिए।



तस्वीरः फाइल

मङ्गलवार बसेको प्रदेशसभाको बैठकमा सरकारको सो नीति तथा कार्यक्रममाथिको छलफल भाग लिंदै प्रदेशसभाका सदस्यले सरकारको नीति कार्यक्रम स्वागतयोग्य रहेकाले सोहीअनुरूपको बजेट बनाउन सुझाव दिएका छन्। बैठकमा प्रदेशसभा सदस्य परमेश्वर साहले मधेस सरकारले ल्याएको नीति तथा कार्यक्रममा समेटिएका कुरा सकारात्मक रहेको भन्दै त्यसको कार्यान्वयनमा शङ्का रहेको टिप्पणी गरे।

शुरूदेखि नै एउटै विषयलाई नीति तथा कार्यक्रममा राखिंदै आए पनि काम केही नभएको गुनासो गर्दै उनले दूधमती महेन्द्रनगर करिडोरलाई धार्मिक पर्यटकीयस्थलको रूपमा विकास गरिनेछ भनेर शुरूदेखि नै सबै नीति तथा कार्यक्रममा राखिंदै आएको भए पनि त्यो कार्य हुन नसकेको गुनासो गरे।

प्रदेशसभा सदस्य दिलीपकुमार साहले प्रदेश सरकारले ल्याएको नीति कार्यक्रममा राखिएको विषय स्वागतयोग्य रहेको भएको उल्लेख गर्दै सिरहाको पर्यटकीयस्थललाई नीति तथा कार्यक्रम नसमेटिएकाले त्यसलाई पनि समेटिनुपर्ने बताए। उनले नीति तथा कार्यक्रमलाई टेकेर बजेट विनियोजन गर्न आग्रहसमेत गरे।

प्रदेशसभा सदस्य रामअशिष यादवले प्रदेश सरकारद्वारा प्रस्तुत नीति तथा कार्यक्रम प्रदेशको समृद्धिका लागि कोसेढुङ्गा हुने दाबी गर्दै विगतकै वर्षमा ल्याउनुपर्ने कतिपय विषय अन्तिममा भए पनि समेटिएको बताए। उनले सरकारले नीति तथा कार्यक्रममा कृषि, पर्यटन र सामाजिक न्यायका विषयलाई प्राथमिकता दिनु सकारात्मक रहेको उल्लेख गर्दै पर्यावरणीय पक्षलाई पनि ध्यान दिनुपर्ने सुझाव दिए।

आजको बैठकमा प्रदेशसभा सदस्य बच्चाराम अहिर, किशोरी साह (कमल), शिवचन्द्र चौधरी, मो समिम, जैनुल राइन, सत्यनारायण मण्डल, सुरिताकुमारी साह, मदनसेन श्रीवास्तव, उपेन्द्र महतो, बबिता कुमारी, बाबुलाल साहलगायतले सरकारको नीति तथा कार्यक्रममा छुटेका विषयवस्तु समेट्न सुझाव दिए।

सरकारको नीति तथा कार्यक्रममाथि भोलि बस्ने प्रदेशसभा बैठकमा पनि प्रदेशसभा सदस्यले सुझाव राख्ने कार्यसूची रहेको प्रदेशसभा सचिवालयका सचिव रञ्जीकुमार यादवले जानकारी दिए।

**संशोधन प्रस्ताव दर्ता**

मधेस प्रदेशसभा बैठकमा प्रस्तुत प्रदेश सरकारको आगामी आर्थिक वर्ष २०७९/८० को नीति तथा कार्यक्रममाथि प्रदेशसभाका पाँच जना प्रदेशसभा सदस्यले संशोधन प्रस्ताव दर्ता गराएका छन्।

प्रदेशसभा सदस्य बच्चाराम अहिर, परमेश्वर साह, दिलीपकुमार साह, सुन्दरबहादुर विश्वकर्मा र बाबुलाल साह (कानु) ले नीति तथा कार्यक्रममाथि संशोधन प्रस्ताव दर्त्ता गराएको प्रदेशसभा सचिवालयले जनाएको छ। संशोधन प्रस्ताव दर्ता गराएकामध्ये प्रदेशसभा सदस्य बच्चाराम अहिर, परमेश्वर साह, दिलीपकुमार साह र बाबुलाल साह ( कानु) ले प्रदेशसभामा आफ्नो संशोधन प्रस्ताव प्रस्तुत गरिससेका छन् भने प्रदेशसभा सदस्य सुन्दरबहादुर विश्वकर्माले भोलिको बैठकमा संशोधन प्रस्ताव प्रस्तुत गर्नेछन्।

**प्रदेश सञ्चार ऐन २०७७ संशोधन विधेयक पेश**

मधेस प्रदेशसभाको आजको बैठकमा प्रदेश सञ्चार ऐन २०७७ संशोधन गर्न बनेको विधेयक पेश भएको छ।

बैठकमा प्रदेश सरकारका गृह तथा सञ्चारमन्त्री भरतप्रसाद साहले प्रदेश सञ्चार ऐन २०७७ संशोधन गर्न बनेको विधेयक पेश गरे। प्रदेश सञ्चार ऐन २०७७ मा केही कुरा संशोधन गर्नुपर्ने र परिमार्जन गर्नुपर्ने भएकाले सो विधेयक पेश गरिएको मन्त्री साहले जानकारी दिए।

# विद्युतीय सवारीसाधनमा बढाइएको कर घटाउन नाडाको आग्रह

काठमाडौं, २३ जेठ/रासस

अटोमोबाइल्स एशोसिएशन अफ नेपाल (नाडा)ले विद्युतीय सवारीसाधनमा बढाइएको कर घटाउन आग्रह गरेको छ। सरकारले सार्वजनिक गरेको आगामी आर्थिक वर्ष २०७९/८० को बजेटमार्फत विद्युतीय सवारीसाधनको भन्सार र अन्तशुल्कमा वृद्धि गरिएको भन्दै नाडाले कर घटाउन आग्रह गरेको हो।

काठमाडौंमा मङ्गलवार आयोजित कार्यक्रममा नाडाका अध्यक्ष धुव्रबहादुर थापाले विद्युतीय सवारीसाधनमा पुरानै कर लागु हुनुपर्नेमा जोड दिए। 'सरकारले विद्युतीय सवारीसाधनलाई प्रोत्साहन गर्नुपर्ने भन्दै आएको छ, तर आगामी आर्थिक वर्षको बजेटमा भन्सार र अन्तशुल्क कर बढाइएको छ, सरकारको भनाइ र गराइ फरक भयो', उनले भने।

उनले १०० किलोवाट क्षमताभन्दा तलका विद्युतीय सवारीसाधनमा पुरानै कर लागू गरिएकामा स्वागत गर्दै २०० किलोवाट क्षमताका विद्युतीय सवारीसाधनमा पुरानै व्यवस्था अनुसार भन्सार र अन्तशुल्क कायम गर्न आग्रह गरे।

यस्तै, नाडाले विदेशी मुद्राको सञ्चितिलाई देखाउँदै असार मसान्तसम्म सवारीसाधन आयातमा लगाइएको प्रतिबन्ध हटाउनसमेत आग्रह गरेको छ। विदेशी मुद्राको सञ्चिति र शोधनान्तर स्थितिमा सवारी आयातले खासै असर पार्ने नदेखिएको भन्दै नाडाले आयातप्रतिबन्धको सहज समाधानका लागि सरकारसँग अपिल गरेको छ।

अध्यक्ष थापाले नयाँ सवारी साधनमा मात्र अनिवार्य रूपमा इम्बोस्ड नम्बर प्लेट जडान गर्नुपर्नेमा जोड दिए। सवारीसाधन खरिदपछि सामान्य नम्बर राखेर पुनःइम्बोस्ड नम्बर प्लेट जडान गर्दा उपभोक्तामा दोहोरो खर्च हुने भन्दै उनले नयाँ सवारीसाधनलाई अनिवार्य गर्न आग्रह गरे।



वीरगंज ड्राइपोर्टमा विद्युतीय कारलाई अनलोड गर्दै। तस्वीरः फाइल/प्रतीक

यस्तै अभिक ज्योतिले सरकारको नीतिका कारण दुई पाङ्ग्रे सवारीसाधनको बिक्रीवितरण नै बन्द गर्नुपर्ने अवस्था आएको बताए। उनले २०० सिसी माथिका दुईपाङ्ग्रे सवारीसाधनलाई सरकारले विलासिताको वस्तुमा राखेर आयात रोक्दा तथा भन्सार र अन्तशुल्क दर बढाउँदा बिक्रीवितरण बन्द गर्नुपर्ने अवस्था आएको बताए। सरकारले सार्वजनिक गरेको आगामी आर्थिक वर्ष २०७९/८० को बजेटमा २०० सिसी माथिका सवारीसाधनमा बढाइएको कर तत्काल फिर्ता हुनुपर्ने ज्योतिले जोड दिए।

**कति बढ्यो कर**

अर्थमन्त्री जनार्दन शर्माले आगामी आर्थिक वर्ष २०७९/८० को बजेटमा दुई पाङ्ग्रे र विद्युतीय सवारीसाधनको भन्सार र अन्तशुल्क महसुलमा वृद्धि भएको घोषणा गरेका थिए।

यही जेठ १५ गते आगामी आर्थिक वर्षको बजेट सार्वजनिक गर्दै उनले २०० सिसी माथिका दुई पाङ्ग्रे सवारीसाधन र १०० किलोवाट क्षमताभन्दा माथिका विद्युतीय गाडीको भन्सार तथा अन्त शुल्क वृद्धि भएको बताएका थिए।

सरकारले १०० किलोवाटदेखि २०० किलोवाटसम्मका विद्युतीय कार, जीप र भ्यानमा ३० प्रतिशत अन्तशुल्क बढाएको छ। यस्तै २०० देखि ३०० किलोवाटभन्दा बढीमा ४५ प्रतिशत, ३०० किलोवाटभन्दा बढीको कार, जीप र भ्यानमा ६० प्रतिशत अन्तशुल्क लगाइएको छ। यस अघि विद्युतीय सवारीसाधन आयात गर्दा अन्तशुल्कमा पूर्ण छुट दिएको थियो।

यस्तै, बजेटमार्फत १०० किलोवाटदेखि २०० किलोवाटसम्मका ३० प्रतिशत, २०० देखि ३०० किलोवाट सम्मकामा ३० प्रतिशत र ३०० किलोवाट बढीमा ६० प्रतिशतले भन्सार कर वृद्धि गरिएको छ।

हाल १०० किलोवाट क्षमताको विद्युतीय सवारी साधनमा १० प्रतिशत, २०० किलोवाटसम्मका १५, ३०० किलोवाटसम्मका ३० र ३०० किलोवाट माथिका गाडीमा ४० प्रतिशत भन्सार शुल्क थियो।

यस्तैगरी, २०० देखि २५० सिसीसम्मका मोटरसाइकलमा ४० प्रतिशत भन्सार महसुल लगाइने भएको छ। यसअघि ३० प्रतिशतमात्रै भन्सार महसुल लाग्ने गरेको थियो। २५० देखि ५०० सिसीसम्मकोमा ७० प्रतिशत र ५०० देखि माथिका मोटरसाइकलमा ८० प्रतिशत भन्सार शुल्क कायम गरिएको छ। दुई पाङ्ग्रेमा ३० प्रतिशत भन्सार महसुल लाग्ने व्यवस्था थियो।

यस्तै २०० सीसी माथिका मोटरसाइकलमा अन्तशुल्क बढाइएको छ। २०० सिसीदेखि २५० सिसी नाघेको मोटरसाइकलमा ८० प्रतिशत छ। हाल २०० देखि २५० सिसी ननाघेको मोटरसाइकलमा ६० प्रतिशत अन्तः शुल्क लाग्ने गरेको थियो। २५० देखि ५०० सिसीसम्मका ९० प्रतिशत र ५०० सिसीदेखि माथिकामा १०० प्रतिशत अन्तशुल्क लाग्ने गरेको छ।

अहिले २५० देखि ५०० सीसीसम्मका मोटरसाइकलमा ८० प्रतिशत अन्तःशुल्क लाग्ने गरेको छ। ५०० देखि ८०० सिसीसम्मका मोटरसाइकलमा ८० प्रतिशत र ८०० सिसी माथिका गाडीमा १०० प्रतिशत अन्तःशुल्क लाग्ने गरेको छ।

# जुनसुकै बेला इन्टरनेट काटिन सक्ने

काठमाडौं, २४ जेठ/रासस

देशका विभिन्न नौ स्थानमा जडान गरिएको इन्टरनेट जुनसुकै बेला काटिन सक्ने भएको छ।

इन्टरनेट सेवा प्रदायकहरूको छाता सङ्गठनका रूपमा रहेको इन्टरनेट सेवा प्रदायक सङ्घ नेपाल (आइस्पान)ले नेपाल विद्युत् प्राधिकरणका कारण उक्त स्थानमा इन्टरनेट जुनसुकै बेला काटिन सक्ने जनाएको हो।

आइस्पानले एक विज्ञप्ति जारी गर्दै इलाम, विराटनगर, खोटाङ, गाईघाट, इनरुवा, धरान, धुबही, लहान र डोटीमा जुनसुकै बेला इन्टरनेट सेवा अवरुद्ध हुन सक्ने जनाएको हो।

"इन्टरनेट प्वाइन्ट तथा डाटा सेन्टर जडान गरिएको स्थानमा प्राधिकरणले निरन्तर घरबेटीसमेतको विद्युत् लाइन काट्ने कार्य गरिरहेको छ, प्राधिकरणले विद्युत् कटौती गरेपछि ब्याकअप सिस्टम प्रयोग गरिएको छ, ब्याकअप सिस्टमले धान्न छाडेपछि जुनसुकै बेला इन्टरनेट सेवा अवरुद्ध हुन सक्छ"–आइस्पानले जनाएको छ।

प्राधिकरणले इन्टरनेट सेवा प्रदायक कम्पनीले पोलभाडाको बक्यौता रकम भुक्तानी नगरेको भन्दै केही स्थानमा विद्युत् कटौती गर्न थालेको छ।

बक्यौता रकम भुक्तानीका लागि पटक/पटक आग्रह गर्दासमेत भुक्तानी नभएपछि प्राधिकरणले विद्युत् कटौती गर्न थालेको हो।



**फुङ्फुङे झर्ना** : ताप्लेजुङको मिक्वाखोला गाउँपालिका-४ सावा गाउँस्थित फुङ्फुङे झर्ना। अहिले यो झर्नाको दृश्यावलोकन गर्न आउने पर्यटकहरूको सङ्ख्या बढ्दै गएको छ। तस्वीरः रासस

## अघि बढ्यो तामाकोशी.....

रूपमा तामाकोशी पाँचौं अगाडि बढाउन लागिएको हो।

आयोजनाको कुल लगानीमध्ये रु १२ अर्ब कोषले उपलब्ध गराउँदा थप रु चार अर्ब भने प्राधिकरणले लगानी गर्नेछ। परियोजना सस्तो र आकर्षक भएकोले पनि खुला हृदयका साथ लगानी गर्न लागेको कोषले यस अघि नै स्पष्ट पारिसकेको छ। माथिल्लो तामाकोशीको विद्युत्गृहमा बिजुली निकालेर निस्केको पानी उपयोग गरेर दोलखाको स्थानीय सुरीदोभान पुऱ्याइने छ। आयोजनामा कुल आठ किलोमिटर लामो सुरुङ निर्माण हुनेछ।

माथिल्लो तामाकोशी निर्माणका क्रममा नै केही संरचनासमेत तयार भएकोले आयोजनामा थप सहज भएको प्रमुख कार्यकारी अधिकृत प्रधानको भनाइ छ। यसमा बाँध निर्माण गर्नुनपर्ने भएकोले पनि थप सहज भएको छ। माथिल्लो तामाकोशीको टेलरेस सुरुङलाई अर्को टनेलमा स्थानान्तरण गर्न मिल्नेगरी भूमिगत इनटेक निर्माण भइसकेको छ। तामाकोशी पाँचौंमा २५ मेगावाट क्षमताका चार युनिट रहने छ। आयोजनाको कुल लागतका आधारमा प्रतिमेगावाट लागत रु १६ करोड हाराहारी मात्रै पर्ने भएकोले पनि सस्तो मानिएको छ। आयोजनाका लागि पहुँचमार्ग निर्माण गर्नुपर्ने अवस्था छैन। माथिल्लो तामाकोशीको सबै संरचनासमेत प्रयोग गर्न सकिन्छ। त्यसकारण पनि व्यवस्थापन थप सरल छ।

प्रसारण लाइनसमेत तयारी हालतमा रहेको, लागत सस्तो पर्ने एवं सबै विषयले सहज भएकोले कोषले ऋण उपलब्ध गराउन कुनै कन्जुस्याइँ गरेन। आयोजनाले वार्षिक ५४० गिगावाट घण्टा ऊर्जा उत्पादन गर्नेछ। पूर्वऊर्जामन्त्री वर्षमान पुनले सो आयोजनालाई जनताको जलविद्युत् कार्यक्रममा समावेश गरेका थिए। आयोजनाले स्थानीय प्रभावित एवं आमसर्वसाधारणलाई साधारण शेयर बिक्री गर्नेछ।

केही अघिसम्म सो आयोजना माथिल्लो तामाकोशी अन्तर्गत नै राख्नुपर्ने माग पनि उठेको थियो। तर, प्राधिकरणले छुट्टै कम्पनी स्थापना गरेर अगाडि बढाएको छ।

# नयाँ भूउपयोग नियमावली कार्यान्वयनमा

# ५०० वर्ग मिटरभन्दा कमका जग्गाको प्लटिङमा कडाइ

काठमाडौं, २४ जेठ/रासस

शहरी तथा शहरोन्मुख क्षेत्रमा खाली जग्गा देख्नेबित्तिकै प्लटिङ गर्ने र घडेरीका रूपमा बिक्री गर्ने क्रम अत्यधिक बढेपछि सरकारले त्यसमा रोक लगाउने भएको छ।



मन्त्रालयमा जेठ १८ गते आयोजित पत्रकार सम्मेलनलाई सम्बोधन गर्दै मन्त्री शशी श्रेष्ठ। तस्वीरः फाइल

भूमि व्यवस्था, सहकारी तथा गरीबी निवारण मन्त्रालयका अनुसार अब काठमाडौं उपत्यकाभित्र पाँच सय वर्ग मिटरभन्दा कम क्षेत्रफल भएको कुनै पनि जग्गाको खण्डीकरण गर्न पाइने छैन।

विशेषगरी जग्गा कारोबारीले जस्तोसुकै जग्गा पनि कागज मिलाएर खण्डीकरण गर्ने, अत्यधिक मूल्य लिएर बिक्री गर्ने गरेको पाइएपछि मन्त्रालयले त्यसमा रोक लगाउन लागेको हो।

नेपाल राजपत्रमा प्रकाशित सूचना अनुसार नयाँ व्यवस्था लागू भएपछि काठमाडौं उपत्यकाभित्र अत्यधिक मात्रामा बढ्दै गएको जग्गाको खण्डीकरण रोकिने छ।

त्यस्तै तराई र भित्री मधेसमा ६७५ वर्गमिटरभन्दा कमका कुनै पनि जग्गाको खण्डीकरण गर्न पाइने छैन। मन्त्रालयले तयार पारेको 'भूउपयोग नियमावली, २०७९' प्रकाशित गरी जग्गाको उचित व्यवस्थापन गर्न खोजेको छ।

काठमाडौं उपत्यका, तराई र भित्री मधेसबाहेकमा भने एक हजार वर्गमिटरभन्दा कमका जग्गा प्लटिङ गर्न पाइने छैन। आवासीय क्षेत्रका रूपमा वर्गीकरण गरिएको जग्गाको हकमा पनि नियमावलीमा अर्को व्यवस्था गरिएको छ।

न्यूनतम १३० वर्गमिटरभन्दा कम, ५०० वर्गमिटरभन्दा सानो कित्ताको हकमा चौडाइभन्दा लम्बाइ चार गुणाभन्दा बढी हुनेगरी पनि कित्ताकाट गर्न पाइने छैन। कुनै कित्ताको आकार र क्षेत्रफल अमिल्दो भई सिमानाको अर्को कित्ताबाट निश्चित क्षेत्रफल अमिल्दो भई सिमानाको अर्को कित्ताबाट निश्चित क्षेत्रफल समावेश गरी प्लट मिलान गर्न उपयुक्त देखिएमा सो प्लट मिलानका लागि भने कित्ताकाट गर्न सकिने छ।

प्रदेश सरकारले जग्गा एकीकरण, चक्लाबन्दी, बस्ती विकास, सामूहिक खेती तथा सहकारी खेतीसम्बन्धी आधार, मापदण्ड र कार्यान्वयनको योजना तयार गरी कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था गरिएको छ। स्थानीय तहले कृषिको आधुनिकीकरण, यन्त्रीकरण, व्यवसायीकरण, सहकारी खेती, सामूहिक खेती तथा सार्वजनिक खेती गर्ने प्रयोजनका लागि सम्बन्धित जग्गाधनीको सहमतिमा साँध सिमाना जोडिएको कित्ता जग्गाको एकीकरण गरी चक्लाबन्दी कार्यक्रम सञ्चालन गर्न सक्ने व्यवस्था नियमावलीमा गरिएको छ।

कृषि भूमिमा चक्लाबन्दी गर्दा स्थानीय तहले निर्धारण गरेको मापदण्डबमोजिम सम्बन्धित जग्गाधनीको सहमतिमा कानून अनुसार जग्गाको ज्यामितीय आधार मिलाउने गरी नक्शा स्रेस्तामा आवश्यक संशोधन गर्न सकिने छ।

स्थानीय तहले जग्गाधनीको सहमतिमा सहकारी खेती र सामूहिक खेतीका लागि जग्गाको स्वामित्वमा असर नपर्नेगरी चक्लाबन्दीको कार्यक्रम अगाडि बढाउन सक्नेछ। सरकारले खेतीपाती हुने जग्गा, औद्योगिक क्षेत्र रहेको जग्गा, आवासीय जग्गा, खानी तथा खनिज क्षेत्र, वन क्षेत्र, नदी खोला, ताल, सिमसार क्षेत्र, सार्वजनिक उपयोगको क्षेत्र, सांस्कृतिक तथा पुरातात्त्विक महत्त्वको क्षेत्र गरी जग्गाको वर्गीकरण गरेको छ।

भूउपयोग क्षेत्र नक्शा तथा सोको विवरण तयार पार्दा त्यस्तो जग्गामा बाढी, पहिरो, नदी, डुबान, कटान, वर्षायाममा पर्ने पानी, भूक्षय, जमीन भासिने, आगलागी, प्रदूषण, औद्योगिक जोखिम, जङ्गली जनावरको जोखिम, विद्युतीय प्रसारण लाइनले गर्दा हुन सक्ने जोखिम, भूकम्पबाट हुने जोखिम तथा अन्य सम्भावित जोखिम विश्लेषण गरी नक्शाङ्कन गर्नुपर्छ।

नियमावली अनुसार कृषि क्षेत्रका रूपमा अन्नबाली, दलहन, तेलहन वा अन्य नगदे बालीलगायत, फलफूलको बगैंचा भएको जग्गालाई उल्लेख गरेको छ। त्यस्तै नर्सरी, तरकारी, सागपात, व्यावसायिक फूल खेती, सोको नर्सरी, पशुपन्छीपालन वा पशुपन्छीको आहाराका लागि प्रयोग हुने दाना, घाँस वा वनस्पति उत्पादन, खरबारी, घाँसे मैदान, चरन क्षेत्रलगायत अन्य कृषिसँग जोडिएको जग्गाको क्षेत्रफल स्पष्टसँग तोकिएको छ।

यसैगरी बसोवास र व्यावसायिक क्षेत्र वा अन्य उपयोग भएको क्षेत्रसँग जोडिएको भए तापनि कित्ताको क्षेत्रफल पाँच हजार वर्गमिटरभन्दा बढी भई खेती गरिएको वा खनजोत गरिएको जग्गा पनि कृषि क्षेत्र हुन सक्छ।

त्यस्तै पर्ती बाँझो जग्गा वा एकै स्थानमा विभिन्न कित्ता जोडिएर एक हेक्टर वा सोभन्दा बढी क्षेत्रफलमा खेती गरिएका वा खनजोत गरिएका वा पर्ती बाँझो खेतीयोग्य जग्गा पनि कृषि क्षेत्रका रूपमा तोकिएको छ। आवासीय क्षेत्रमा आवासका रूपमा प्रयोग भएका भवन, घर, टहरा, बगैंचा, ग्यारेज, आँगन, विकसित अपार्टमेन्ट, बहुतले भवन, आवासीय फ्ल्याट रहेको जग्गा, सामूहिक ग्यारेजलगायत बसोवासका लागि आवश्यक आधारस्तम्भ भौतिक पूर्वाधार, सडक, विद्युत्, खानेपानी वा ढल निकासको व्यवस्था भएको क्षेत्रमा रहेको एक हजार वर्गमिटरभन्दा सानो कित्ताको जग्गा हुने भनी तोकिएको छ।

न्यूनतम पूर्वाधार विकास भएको कित्ता जग्गा रहेको ठाउँबाट एक सय मिटरको अर्धव्यासको क्षेत्रमा १५० एकात्मक परिवार आवास एकाइ वा १० भन्दा बढी संयुक्त परिवार आवास एकाइ भएको जग्गालाई आवासीय जग्गाको रूपमा सरकारले वर्गीकरण गरेको छ।

नियमावली अनुसार कुनै निश्चित क्षेत्रमा फरक मापदण्ड वा आधार निर्धारण नगरी लागू गर्न आवश्यक भएमा सरकारले राजपत्रमा सूचना प्रकाशन गरेर मात्रै मापदण्ड र नयाँ आधार निर्धारण गर्न पाउने प्रबन्ध गरिएको छ।

नियमावलीले प्रदेश र स्थानीय सरकारले जग्गाको चक्लाबन्दी कार्यक्रम, जग्गा एकीकरण, चक्लाबन्दी, बस्ती विकास, सामूहिक खेती तथा सहकारी खेतीसम्बन्धी आधार, मापदण्ड र योजना तयार गरी कार्यान्वयन गर्न सक्ने प्रावधान ल्याएको छ। स्थानीय सरकारले कृषिको आधुनिकीकरण, यन्त्रीकरण, व्यवसायीकरण, सहकारी खेती, सामूहिक खेती तथा सार्वजनिक खेतीका लागि उचित प्रबन्ध गर्न सक्छ। सरकारले आगामी आर्थिक वर्षको बजेटमा कृषि क्षेत्रलाई विशेष प्राथमिकतामा राखेको कारण पनि भूमिको विषयमा स्पष्ट व्यवस्था गरेको हो। सरकारको पछिल्लो निर्णयले अनधिकृतरूपमा जथाभावी जग्गा खण्डीकरण हुने वा प्लटिङ गर्ने जस्ता कार्य बन्द हुने आधारसमेत बनेको छ।


# अघि बढ्यो तामाकोशी पाँचौं, १६ अर्ब ४५ करोड लगानी स्वीकृत

काठमाडौं, २४ जेठ/रासस

गत असारदेखि सञ्चालनमा आएको राष्ट्रिय गौरवको आयोजनाका रूपमा रहेको माथिल्लो तामाकोशीले नेपालको ऊर्जा क्षेत्रमा रणनीतिक परिवर्तन गरिदियो। मुलुकको राष्ट्रिय प्रणालीमा एकैपटक ४५६ मेगावाट बिजुली थप हुँदा त्यसले उपलब्ध गराउने ऊर्जा र आर्थिक क्षेत्रमा परेको प्रभाव आफैंमा महत्त्वपूर्ण छ।

स्वदेशी लगानीमा निर्माण सम्पन्न भएको आयोजना ऊर्जा सुरक्षाका हिसाबले पनि उत्तिकै प्रभावकारी मानिएको छ। सोही आयोजनासँग जोडिएको अर्को आयोजना तामाकोशी पाँचौं पनि अब निर्माणमा जाने तयारीमा छ। माथिल्लो तामाकोशीको 'टेलरेस' सुरुङबाट निस्केको पानी प्रयोग गरेर १०० मेगावाट बराबर बिजुली उत्पादन गर्ने लक्ष्यका साथ अगाडि बढाइएको आयोजनाको सोमवार मात्रै सरकारले लगानी स्वीकृत गरेको छ। रु पाँच अर्ब माथि लगानी हुने आयोजनाको निर्णय लगानी बोर्डमार्फत हुनुपर्ने कानूनी बन्दोबस्ती छ।

सोही प्रबन्धका कारण तामाकोशी पाँचौंका लागि रु १६ अर्ब ४५ करोड ९८ लाख बराबरको लगानी स्वीकृत गरिएको छ। तर, यो लगानी भने स्वदेशी हो। सो आयोजना पनि पूर्णरूपमा स्वदेशी लगानीमा नै निर्माण हुनेछ। माथिल्लो तामाकोशीको विद्युत् गृह रहेको ठाउँबाट टेलरेस सुरुङ हुँदै बाहिर निस्केको पानी प्रयोग गरेर निर्माण गर्न लागिएको आकर्षक आयोजना हो। तामाकोशी जलविद्युत् कम्पनीका प्रमुख कार्यकारी अधिकृत नसिबमान प्रधानका अनुसार आयोजना निर्माणमा जानुपूर्वका सबै काम भइरहेको छ। परामर्शदाता छनोटको काम अन्तिम चरणमा पुगेको छ। ऋण लगानीकर्ता कर्मचारी सञ्चय कोषसँग वित्तीय व्यवस्थापनसम्बन्धी सम्झौताको पनि अन्तिम तयारी भइरहेको छ। आगामी असार मसान्तभित्रै सबै काम सकाउने योजनाका साथ काम भइरहेको उनले जानकारी दिए।



तस्वीर : फाइल

निर्माण व्यवसायी छनोटका लागि आवश्यक प्रक्रिया अगाडि बढाउन लागिएको छ। नेपालको ऊर्जा क्षेत्रको विकासका लागि एकपछि अर्को लगानी गर्दै आएको कर्मचारी सञ्चय कोषले तामाकोशी पाँचौंमा रु १२ अर्ब बराबरको ऋण उपलब्ध गराउने भएको छ। रसुवागढी, माथिल्लो साञ्जेन, साञ्जेन र भोटेकोशीमा एकलौटी लगानी गरेको कोषले तामाकोशी पाँचौंमा भने एक्लै लगानी गर्न लागेको हो। लगानीसम्बन्धी त्रिपक्षीय समझदारीपत्रमा गत साउनमा हस्ताक्षर भएको थियो।

कुल १०० मेगावाट क्षमताको सो आयोजना असाध्यै आकर्षक देखिएकोले कोषले लगानी गर्न लागेको हो। माथिल्लो तामाकोशीको क्यासकेड परियोजनाका

(बाँकी तेस्रो पातामा)

## फरक समाचार

# विश्व खाद्य सुरक्षा दिवस

आज विश्व खाद्य सुरक्षा दिवस हो। यो दिन मनाउनुको उद्देश्य मान्छेमा खाद्य सुरक्षाप्रति जागरूकता फैलाउनु हो र खराब तथा अस्वस्थकर खानेकुरा सेवनबाट हुने नोक्सानी र स्वास्थ्य हानिको जानकारी उपलब्ध गराउनु तथा हरेक व्यक्तिलाई पर्याप्त मात्रामा सुरक्षित र पौष्टिक भोजन उपलब्ध हुनुपर्ने हो।




अहिले फास्टफूडको प्रचलन बढेको छ। जसले गर्दा थुप्रै प्रकारका रोग पनि लाग्ने गरेको छ।

विश्व स्वास्थ्य सङ्गठनका अनुसार संसारमा हरेक दसजनामध्ये एकजना मान्छे खराब भोजन सेवन गर्दा बिरामी पर्ने गर्छ। सन् २०१८ डिसेम्बरमा संयुक्त राष्ट्र महासभाले खाद्य र कृषि सङ्गठनको सहयोगमा यो दिवस मनाउने घोषणा गरेको थियो र त्यसपछि विश्व स्वास्थ्य सङ्गठन र खाद्य र कृषि सङ्गठनले यस क्षेत्रमा काम गरिरहेका अन्य सङ्गठनहरूसँग सहयोग गरी विश्व खाद्य सुरक्षा दिवस मनाउने गरेको छ।

खराब दिनचर्याका कारण मान्छेहरू आफ्नो खानपानप्रति लापरवाह हुँदै गइरहेका छन्। यस्तोमा खाद्य सुरक्षाले यो सुनिश्चित गर्छ कि खाद्य सामग्रीको प्रयोगभन्दा पहिले फसल उत्पादन, भण्डारण र वितरण हरेक चरण सुरक्षित राख्नुपर्छ। विश्व स्वास्थ्य सङ्गठनका अनुसार संसारमा विकसित र विकासशील देशमा हरेक वर्ष भोजन र यसबाट हुने रोगबाट लगभग तीस लाख मान्छेको मृत्यु हुन्छ। यस वर्षको नारा 'सेफर फूड बेटर हेल्थ' अर्थात् सुरक्षित भोजन, उत्कृष्ट स्वास्थ्य हो।

**गर्मीमा फूड प्वाइजनिङको खतराः** हाम्रो खानेकुरा स्वच्छ, हाइजेनिक, तरोताजा र पौष्टिक हुनुपर्छ। यसबाट हाम्रो सम्पूर्ण स्वास्थ्य लामो समयसम्म राम्रो रहन्छ। खाद्यबाट उत्पन्न रोगजस्तै फूड प्वाइजनिङबाट बच्नुपर्छ।

हरेक उमेरका मान्छेले आफ्नो खानपानमाथि ध्यान दिनुपर्छ। विशेषगरी गर्मीमा खाद्यपदार्थजन्य रोगबाट हुने खतरा बढी रहन्छ। फूडबर्न रोग तब हुन्छ जब हामी दूषित भोजन वा पानी, तरल पदार्थ सेवन गर्छौं। कैयौं अलग अलग बिमारी पैदा गर्ने रोगाणु वा पैथोजेसले खाद्य पदार्थलाई दूषित गर्न सक्छ, यसैले कैयौं प्रकारको खाद्यजन्य बिमारी पनि हुन्छ। अधिकांश खाद्यजन्य रोग विभिनन प्रकारका ब्याकटेरिया, भाइरस र पारासाइट्सका कारण हुने रोग हो, असुरक्षित खाद्य पदार्थ कैयौं रोगको कारण बन्छ र खराब स्वास्थ्य स्थितिमा योगदान दिन्छ। जस्तै विकास सही तरीकाले नहुनु, माइक्रोन्युट्रिएन्ट्स तत्त्वको कमी र गैरसञ्चारी वा सञ्चारी रोग र मानसिक बिमारी आदि।

हेल्थलाइनमा प्रकाशित रिपोर्ट अनुसार खाद्यजन्य बिमारीलाई साधारणतया फूड प्वाइजनिङ भनिन्छ। यो दूषित, खराब वा विषाक्त भोजनको कारणले हुन्छ। फूड प्वाइजनिङको लक्षण भनेको बान्ता हुने, झाडापखाला लाग्ने, पेट दुख्ने, बटारिने, भोक नलाग्ने, कमजोरी महसूस हुने, टाउको दुख्ने आदि हो।

त्यस्तै गम्भीर लक्षणमा पखाला तीन दिनभन्दा बढी समयसम्म भयो भने १०२ फरेनहाइटभन्दा बढी ज्वरो, हेर्न र बोल्नमा कठिनाई, डिहाइड्रेशनको गम्भीर लक्षण, मुख सुक्खा हुने, पिसाब कम लाग्ने, पिसाबमा रगत आउने आदि हुन्छ।

यसको उपचार सही समयमा गरिएन भने मान्छेको मृत्यु पनि हुन सक्छ। सङ्क्रमणको स्रोतको आधारमा नै विषाक्त भोजनको समस्या समाप्त हुन्छ। यो रोग एक दिनमा पनि ठीक हुन सक्छ वा ८ साता पनि लाग्न सक्छ। कतिपय मामिलामा यो आफैं निको पनि हुन्छ। गम्भीर लक्षण देखिए पनि घरमा उपचार सम्भव छ। यसको लागि आफूलाई डिहाइड्रेट राख्ने, एलेक्ट्रोलाइट्सले भरिपूर्ण स्पोर्ट पेय पदार्थ सेवन गर्ने, नरिवल पानी, फलको ताजा रस सेवन गर्दा कार्बोहाइड्रेट्स शरीरमा बनिरहन्छ र थकान टाढा हुन्छ। यस्तो बेला कैफिन सेवन गर्नुहुँदैन। हर्बल चिया पिउन सकिन्छ यसमा कैमोमाइल पेपरमिन्ट, डेडोलियन हर्ब आदि हुन्छ। यी सबले खराब पेट, अस्वस्थ पाचन प्रक्रियालाई राम्रो गर्छ। चिकित्सकको सल्लाह अनुसार औषधि सेवन गर्नुपर्छ। घरमा बनेको हलुका र सुपाच्य भोजन गर्नुपर्छ।

बढीजसो विषाक्त भोजन ब्याक्टेरिया, पारासाइट्स, भाइरसको कारण हुन्छ। यी सबै प्रकारको पैथोजेन्स प्रत्येक खाद्य पदार्थमा मौजुद हुन्छ जुन हामी खान्छौं। यद्यपि जब खाना पकाइन्छ त्यस क्रममा गर्मीबाट खाद्यमा रहेका केही पैथोजेन्स नष्ट हुन्छ। साधारणतया काँचो खाद्य पदार्थको सेवनबाट फूड प्वाइजनिङ हुने आशङ्का सबैभन्दा बढी हुन्छ। केही ब्याक्टेरियाजस्तै इकोली, सल्मोनेला, लिस्टरिया, मोनोसाइट्स आदि भाइरस र नोरो भाइरस, रोटाभाइरस, हेपाटाइटिस ए भाइरस आदि पनि विषाक्त भोजनको कारण हुन्छ।

आजभोलिका युवाहरूको व्यस्त दिनचर्या र सुस्त जीवनशैलीको कारण मोटोपन, उच्च रक्तचाप, मधुमेह, हृदयरोग, मानसिक समस्या निकै बढेको छ। फोर्टिस हस्पिटलकी क्लिनिकल डाइटिसिएन श्वेता महाडिक भन्छिन्–युवाहरू जङ्कफूड र कार्बनयुक्त पेय पदार्थ सेवन गर्छन्। युवा वर्ग कम क्यालोरीयुक्त आहार, बोसोमुक्त आहार, वजन कम गर्ने न्यून क्यालोरीयुक्त आहार र उच्च प्रोटिनयुक्त आहार सेवन गर्छन्। यस्तो आहार उचित होइन। किनभने यसमा पोषक तत्त्वको कमी हुन्छ।

सानै उमेरमा एउटा स्वस्थ जीवनशैली शुरूआत गर्नुपर्छ। किनभने यसबाट हाम्रो बाँकी जीवन प्रभावित हुन्छ। बच्चामा आहारसम्बन्धी राम्रो बानी विकास गर्नुपर्छ। उनीहरूलाई बाल्यकालदेखि नै शारीरिकरूपले सक्रिय बनाउनुपर्छ। घरबाहिरको वस्तुबाट हुने हानिबारे जानकारी गराउनुपर्छ र बालबालिकालाई सीमित पकेट खर्च दिनुपर्छ। – प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# अन्तर्राष्ट्रिय समाचार

## प्रधानमन्त्री जोनसनलाई आफ्नै पार्टीबाट विश्वासको मत प्राप्त

लन्डन, २४ जेठ/सिन्हवा

ब्रिटिश प्रधानमन्त्री बोरिस जोनसनले आफ्नो पार्टीबाट विश्वासको मत प्राप्त गरेका छन्। उनीविरुद्ध उनकै कन्जर्भेटिभ पार्टीमा विश्वास नरहेको भन्दै केही सांसदले विश्वासको मत लिनुपर्ने भनी प्रस्ताव दर्ता गराएका थिए।



ब्रिटिश प्रधानमन्त्री बोरिस जोनसन। तस्वीरः एजेन्सी

उनीप्रति विश्वास छ भनी विश्वासको मतको पक्षमा यहाँका २११ जना सांसदले मत दिएका छन्। उनका दलका सांसदहरू ३५९ जनामध्ये २११ जनाले विश्वासको मतको पक्षमा मतदान गरेका थिए।

योसँगै अब उनी एक वर्षका लागि सत्ताधारी कन्जरभेटिभ पार्टीको नेतृत्वमा रहने पक्का भएको छ। हिजोको मतदानमा उनको विपक्षमा १४८ जना सांसदले मत दिएका थिए। प्रधानमन्त्री जोनसनले विश्वास मत प्राप्त गरेपछि आफूलाई नतीजा राम्रो लागेको बताएका छन्। उनले सो नतीजालाई निर्णायक भनेका छन्। उनले उक्त नतीजा आफ्ना लागि धेरै राम्रो भएको बताएका थिए।

यो नतीजासँगै उनी अब प्रधानमन्त्री पदबाट हट्नु नपर्ने भएको छ। उता आलोचकहरूले भने उनीविरुद्ध पार्टीभित्रैबाट एक प्रकारको विद्रोह भएको बताएका छन् र यसले आगामी दिनमा उनका अधिकारमा पनि कटौती हुन सक्ने बताएका छन्।

आफ्नै पार्टीबाट अविश्वासको प्रस्ताव आएपछि उनलाई कतिपय मानिसले राजीनामा दिन पनि आह्वान गरेका छन्। रासस

## तनावबीच अमेरिका र दक्षिण कोरियाको लडाकू विमान प्रदर्शनी

सोल, २४ जेठ/एपी

कोरियाली प्रायद्वीपमा बढ्दो तनावका बीच दक्षिण कोरिया र अमेरिकी सेनाले



प्रदर्शनीमा सामेल दक्षिण कोरियाली लडाकू विमान केएफ-२१। तस्वीरः सिन्हवा

मङ्गलवार दक्षिण कोरियाको पश्चिमी समुद्रमा २० वटा लडाकू विमान उडाएका छन्। उत्तर कोरियाले आफ्नो आणविक परीक्षण अगाडि बढाएमा कडा जवाफ दिने चेतावनी एकजना वरिष्ठ अमेरिकी अधिकारीले दिएका छन्।

दक्षिण कोरियाका संयुक्त चिफ अफ स्टाफले हवाई प्रदर्शनीमा १६ दक्षिण कोरियाली विमान र एफ ३५ ए स्टिल्थ लडाकू विमानसहित चार अमेरिकी एफ १६ लडाकू जेट समावेश गरिएका बताएका छन्। उत्तर कोरियाको उत्तेजनाको जवाफ दिन आफ्नो पनि सैन्य क्षमता प्रदर्शन गरिएको हो। आजको प्रदर्शनी उडान उत्तर कोरियाले गत साता गरेको क्षेप्यास्त्र प्रदर्शनको प्रत्युत्तर हो।

उत्तर कोरियाले चाँडै नै शक्ति बढाउन सक्ने अमेरिकी र दक्षिण कोरियाली अधिकारीहरूले बताएका छन्। उत्तरपूर्वी शहर पुन्गे-रीमा रहेको आणविक परीक्षण मैदानमा अर्को परीक्षण गर्न प्योङयाङ तयार रहेको छ। सन् २०१७ सेप्टेम्बरमा उसले अन्तमएहाद्वीपीय क्षेप्यास्त्रका लागि डिजाइन गरिएको थर्मोन्युक्लियर बम विस्फोट गरेको दाबी गरेको थियो।

उत्तर कोरियाले लामो समयदेखि अमेरिका र कोरियाको संयुक्त सैन्य अभ्यासलाई आक्रमणको पूर्वाभ्यासको रूपमा निन्दा गरेको छ। उत्तर कोरियाको पछिल्लो प्रक्षेपणपछि संयुक्त राज्य अमेरिकाले जापान र दक्षिण कोरियासँग स्परेट संयुक्त मिसाइल अभ्यास सञ्चालन गरेको छ।

वाशिंगटन र प्योङयाङबीच आणविक वार्ता उत्तरको निःशस्त्रीकरणका कदमका लागि अमेरिकी नेतृत्वमा लगाइएका कडा प्रतिबन्ध फुकुवामा असहमति हुँदा सन् २०१९ देखि अवरूद्ध भएको छ। राष्ट्रपति किमले आर्थिक समस्याका बावजूद आफ्नो परीक्षण गतिविधिलाई बढाएका छन्। उनले अमेरिकासमक्ष आत्मसमर्पण नगर्ने अडान त्यागेका छैनन्।

उत्तर कोरियाली सरकारले वार्ताका लागि बाइडेन प्रशासनले गरेको प्रस्तावलाई लचिलो भएर स्वीकार गरेको छैन र निष्क्रिय निशशस्त्रीकरण वार्तालाई पारस्परिक हतियार घटाउने प्रक्रियामा रूपान्तरण गर्ने मनसाय नराखेको जानकारहरूले बताएका छन्। रासस

## यमनका विद्रोही र सरकारबीचको वार्ता सकारात्मक

आडेन, २४ जेठ/सिन्हवा

यमनको सरकार र यहाँका हुथी विद्रोहीबीच आइतवारदेखि शुरू भएको दोस्रो चरणको वार्ता सकारात्मक रहेको समाचारमा जनाइएको छ।

यमनका लागि संयुक्त राष्ट्रसङ्घका विशेषदूत हान्स ग्रून्बर्गको विशेष उपस्थितिमा यहाँको ताइज भन्ने स्थानमा शुरू भएको यी दुई पक्षको वार्ता सकारात्मकरूपमा अघि बढेको बताइएको हो।

यहाँको सरकार र हुथीहरूले पहिलो चरणमा गरेको वार्तामा केही प्रगति भएको बताइएको थियो। त्यसको केही समयपछि आइतवारदेखि यो दोस्रो चरणको वार्ता शुरू भएको हो।

यमनमा कैयौं वर्षदेखि हिंसा जारी राखेका यहाँ हुथी विद्रोहीहरूका प्रतिनिधि र यमनी सरकारका प्रतिनिधिबीच सकारात्मक रूपमा वार्ता अघि बढेको बताइएको छ।

यहाँ धेरै वर्षदेखि विद्रोह र हिंसा हुँदै गएपछि यसको राजनीतिक समाधान निकाल्न जोड दिइएको थियो। सोही कारण संयुक्त राष्ट्रसङ्घका प्रतिनिधिको उपस्थितिमा यहाँको विद्रोहको राजनीतिक समाधान निकाल्नका लागि भन्दै यो वार्ता शुरू भएको हो। रासस


बालबालिकाकालाई समयमैं विद्यालय पठाऔं,
उनीहरूको भविष्य उज्ज्वल बनाऔं।

वीरगंज महानगरपालिका कार्यालय


### आजको राशिफल

| | |
|---|---|
| मेष – विजय | वृष – धनलाभ |
| मिथुन – भाग्योदय | कर्कट – व्यर्थभ्रमण |
| सिंह – मनोरञ्जन | कन्या – कर्मप्राप्ति |
| तुला – राज्यलाभ | वृश्चिक – वादविवाद |
| धनु – यात्रालाभ | मकर – कडाश्रम |
| कुम्भ – सुसमाचार | मीन – उदरपीडा |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया


### रानीघाट-पोखरिया बस समिति

भिस्वा- बिहान ७:४० बजे
भिस्वा- बिहान १०:०० बजे
भिस्वा- मध्याहन १२:०० बजे
भिस्वा- दिउँसो १:३० बजे
दसौता- दिउँसो २:३० बजे
सेढवा- दिउँसो ३ बजे
देउरिया- दिउँसो ३:१५ बजे
भिस्वा- दिउँसोः ३:४० बजे


## शिक्षा, स्वास्थ्यलगायत क्षेत्रमा व्यवहारिक नदेखिएकाले दुई दिन बिदा दिने निर्णय खारेज

काठमाडौं, २३ जेठ/रासस

सरकारले शिक्षा स्वास्थ्यलागतय क्षेत्रमा व्यवहारिक नदेखिएकाले परीक्षणका रूपमा शुरू गरिएको हप्ताको दुई दिन बिदा दिने निर्णय खारेज गरेको स्पष्ट पारेको छ। गत वैशाख २८ गतेको मन्त्रिपरिषद् बैठकले जेठ १ गतेदेखि लागू हुने गरी हप्ताको शनिवारका साथै आइतवार पनि बिदा दिने निर्णय गरेको थियो।

सिंहदरबारमा मङ्गलवार मन्त्रिपरिषद्को सोमवारको बैठकको निर्णय सार्वजनिक गर्न आयोजित पत्रकार सम्मेलनमा सञ्चारमन्त्रालयको जिम्मेवारीसमेत सम्हालेका गृहमन्त्री बालकृष्ण खाणले उक्त जानकारी दिएका हुन्। सोमवारको मन्त्रिपरिषद् बैठकले हाल परीक्षणका रूपमा लागू गरिएको हप्तामा दुई दिन सार्वजनिक बिदा दिनेसम्बन्धी निर्णय आउँदो असार १ गतेदेखि लागू हुने गरी खारेज गरेको थियो।

निर्णय सार्वजनिक गर्नेक्रममा गृहमन्त्री खाणले भने, 'सरकारले बिदा परीक्षणका रूपमा लागू गरेका थियो, खास गरेर शिक्षा, स्वास्थ्यलगायत कतिपय क्षेत्रमा तत्कालका लागि व्यवहारिक नदेखिएकाले उक्त निर्णयलाई फिर्ता लिइएको हो।' मन्त्रिपरिषद् बैठकले विश्व बैंकबाट हरित उत्थानशील र समावेशी विकासका लागि प्राप्त हुने १०० मिलियन अमेरिकी डलर (झन्डै रु १२ अर्ब) सहुलियतपूर्ण ऋण सहायता लिन वार्ता टोली गठन गर्ने निर्णय पनि गरेको उनले जानकारी दिए।

उनका अनुसार बैठकले व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रको रिक्त कार्यकारी निर्देशकमा शरद विक्रम राणालाई नियुक्त गर्ने निर्णय पनि गरेको छ। सरकारले थाइल्यान्डमा हुने सुशासन र भ्रष्टाचार नियन्त्रणसम्बन्धी तालिमको अनुगमन र समापन कार्यक्रममा अख्तियार दुरूपयोग अनुसन्धान आयोगका आयुक्तद्वय किशोरकुमार सिलवाल र जयबहादुर चन्दलाई सहभागी हुन स्वीकृति दिएको छ।

यस्तै अष्ट्रेलियामा आयोजना हुने विपत् व्यवस्थापनसम्बन्धी कार्यक्रममा गृहसचिव टेकनारायण पाण्डेलाई पठाउने निर्णय भएको पनि गृहमन्त्री खाणले बताए। भारतको नयाँ दिल्लीमा हुने नेपाल





तस्वीरः फाइल

भारत सीमा व्यवस्थापनसम्बन्धी संयुक्त कार्यदलको १२औं बैठकमा नेपालको तर्फबाट गृहमन्त्रालयको सहसचिवको नेतृत्वको प्रतिनिधिमण्डललाई भाग लिन स्वीकृति दिएको छ। यस्तै बैठकले प्रहरी नायब महानिरीक्षक उत्तमराज सुवेदी, अरुणाकुमार विसी, दिवेश लोहनी, मुकुन्दराज आचार्य र पूजा सिंहलाई प्रहरी अतिरीक्त महानिरीक्षक पदमा बढुवा गर्ने निर्णय पनि गरेको छ।

सरकारले लुम्बिनी सांस्कृतिक नगरपालिकालाई अस्पताल भवन निर्माणार्थ सरकारी जग्गा उपलब्ध गराउने, गरिबी निवारण कोष सञ्चालक समितिको उपाध्यक्षको राजीनामा स्वीकृत गर्ने, फाप्ला अन्तर्राष्ट्रिय क्रिकेट मैदान तथा खेलग्राम पूर्वाधार निर्माण विकास समितिको अध्यक्षमा सुवास विक्रम शाही र सदस्यमा कल्पना दियाकोटीलाई मनोनयन गर्ने, नेपाल वायुसेवा निगमका महाप्रबन्धक तथा सञ्चालक सदस्य डिमप्रसाद पौडेललाई पदबाट हटाउने निर्णय पनि गरेको छ।

सरकारले राजपत्राङ्कित प्रथम श्रेणीका अधिकृत सरजुकुमार वैद्यलाई नेपाल इञ्जिनीयरिङ सेवा समूहीकरणतर्फको राजपत्राङ्कित विशिष्ट श्रेणीमा बढुवा गर्ने तथा लोक सेवा आयोगको सिफारिस बमोजिम निजामती सेवाको नेपाल वन सेवा तथा नेपाल शिक्षा सेवाका राजपत्राङ्कित प्रथम श्रेणी वा सो सरहको पदमा नियुक्त गरी पदस्थापन गर्ने निणय पनि गरेको छ।

मन्त्रिपरिषद् बैठकले सामाजिक सुरक्षा ऐन २०७५ लाई संशोधन गर्न बनेको विधेयकलाई सङ्घीय संसद्मा पेश गर्न स्वीकृति दिएको छ। बैठकले तेजाब तथा अन्य घातक रासायनिक पदार्थको नियमनकासम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकलाई संसद्मा पेश गर्न स्वीकृत दिएको छ। सरकारले हतियार तथा खरखजाना (एघारौं संशोधन) नियमावली २०७९ स्वीकृत गर्ने निर्णय गरेको छ। नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन, सुपरीवेक्षण र समन्वय) ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयकलाई सङ्घीय संसद्मा पेश गर्न स्वीकृति दिएको छ।

रेल्वेसम्बन्धी व्यवस्था गर्न बनेको अध्यादेश प्रतिस्थापन गर्ने विधेयक सङ्घीय संसद्मा पेश गर्न पनि मन्त्रिपरिषद्ले स्वीकृति प्रदान गरेको छ। औषधि ऐन २०३५ लाई संशोधन गर्न बनेको विधेयक सङ्घीय संसद्मा पेश गर्न स्वीकृति प्रदान गरेको छ।

मन्त्रिपरिषद्ले स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षासम्बन्धी ऐन २०६६ लाई संशोधन गर्न बनेको विधेयक संसद्मा पेश गर्न स्वीकृति दिने र मानव अङ्ग प्रत्यारोपण विकास समिति (गठन) (तेस्रो संशोधन) आदेश २०७९ स्वीकृति गर्ने निर्णय पनि गरेको सो अवसरमा गृहमन्त्री खाणले जानकारी गराए।

### टिआइएमा........

कारण पनि उडान तालिका अनुरूप जहाज नउड्दा हवाई चाप बढाएको छ।

त्यस्तै आइएफआर भिजिबिलिटीको मापदण्ड अनुरूप एयरलाइन्सले उडान गर्ने भएकाले पनि ट्राफिक जाम हुने गरेको छ। क्षणभरमैं मौसम परिवर्तन हुने भौगोलिक अवस्थितिले पनि जहाज होल्ड हुनुपर्ने बाध्यता थपिएको छ। यती एयरलाइन्सका प्रवक्ता सुदर्शन बर्तौलाले अन्तर्राष्ट्रिय मात्र नभई आन्तरिक उडान पनि समय समयमा होल्ड हुने बताएका छन्। उनको अनुभवमा पछिल्लो साता पोखरा, भैरहवालगायत गन्तव्यबाट काठमाडौं आउने जहाज ४५ मिनेटदेखि १ घण्टा ट्राफिक जाममा परेका थिए। आन्तरिक जहाज पनि आइएफआर उडानमा गएपछि स्वाभाविकरूपमा जाममा पर्ने गर्छन्।

प्राधिकरणका पूर्वमहानिर्देशक गौतमको भनाइमा एक जहाज होल्ड हुनासाथ त्यसले आउँदै गरेका सबैजसो जहाज होल्ड हुन्छ। जसले उडानको तयारीमा रहेका जहाजलाई पनि असर गर्छ। सोही कारण उडान 'डिले' हुने गरेको छ। एकमात्र धावन मार्गमा प्यारालल ट्याक्सी वे पूर्ण नभएको तथा जहाजको सङ्ख्या बढिरहेकोले पनि हवाई ट्राफिक जाम हुने गरेको एयरलाइन्सहरूको बुझाइ छ।

सरकारले आगामी आर्थिक वर्षको बजेटमा टिआइएमा दोस्रो टर्मिलन भवन बनाउने योजना समेटेको छ। विमानस्थलको क्षमता विस्तारका लागि विभिन्न आयोजना पनि सञ्चालन भइरहेका छन्।

भैरहवा र पोखरा विमानस्थल सञ्चालनमा आउँदा हालको टिआइएको चाप व्यवस्थापन हुने भनिए पनि वार्षिक हवाई यात्री वृद्धि दर हेर्दा हालको पूर्वाधारले नधान्ने प्राधिकरणाका महानिर्देशक प्रदीप अधिकारी बताउँछन्। उनले कुल ९२ लाख यात्री क्षमताको टिआइएको 'अकुपेन्सी फुल' भइसकेको छ।

नेपालको हवाई यात्री सङ्ख्या हरेक वर्ष १० लाखका दरले बढिरहेको छ। 'एयर ट्राफिक ग्रोथ' वार्षिक १० प्रतिशत छ। एशिया-प्रशान्त क्षेत्र तथा छिमेकी मुलुक भारत र चीनको हवाईयात्री वृद्धि पनि १० प्रतिशतको हाराहारीमा छ।

अबका २० वर्षमा संसारको हवाई यात्री सङ्ख्या हालको चार अर्बबाट दोब्बर वृद्धि भई आठ अर्ब पुग्ने प्रक्षेपण गरिएको छ। "नेपालले वार्षिक तीन करोड हवाई यात्री धान्नुपर्ने बाध्यात्मक अवस्था छ, अर्को विमानस्थल बनाउन सकेनौं भने अब हाम्रो आकाश बन्द हुने अवस्थामा छ"–महानिर्देशक अधिकारीले भने।

हाल त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भएर आन्तरिकतर्फ १० हेलिकोप्टर कम्पनीसहित २० एयरलाइन्स तथा अन्तराष्ट्रिय उडानमा दुई नेपालीसहित २४ वटा एयरलाइन्सले उडान भर्दै आएका छन्।


**Nepal Electricity Authority**
**Pokhariya Distribution Center, Parsa**

**Sealed Quotation**

Date Of Publication: 2079/02/25

Sealed Quotation Are Invited for The following Scheme of Nepal Eletricity Authority, Pokhariya Distribution Center, Parsa.

| Sealed Quotation | Document Works/Jobs | Cost of Sealed Quotation Documents Fee | Sale Of Sealed Quotation Documents Available & Available Till Date | Last Date of Bid Submission, Opening Time & Place | Bid Security Bid Bond (Bank Deposit/Bank Gurantee) | Bank A/C. N |
|---|---|---|---|---|---|---|
| NEA-PODC-2078/079-12(SQ) | LT Line & Transfomer Intallation Work | NRS. 1000 | Pokhariya Distribution Center & 2079/02/25 | 2079/03/09 or Before 12:00 Noon & 14:00 respectively At NEA,Pokhariya Distribution Center | NRS. 11,500 Valid For 90 Days. | Deposit A/C No. 0507201480341012 Agricalcuture Dev. Bank Pokhariya, Parsa |

# वैदेशिक रोजगारसम्बन्धी पालिकास्तरीय सञ्जाल गठन

प्रस, भिस्वा, २४ जेठ/

छिपहरमाई गाउँपालिकामा वैदेशिक रोजगारसम्बन्धी पालिकास्तरीय सञ्जाल गठन भएको छ ।

श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको पहलमा प्रदेश सरकारको समन्वय तथा स्थानीय सरकार, वीरगंज महानगरपालिका, पर्सागढी नगरपालिका, ठोरी गाउँपालिका, सखुवापरसौनी गापाको पहलमा तथा सामी हेल्भेटासको प्राविधिक सहयोगमा दिव्य युवा क्लब पर्साको सहजीकरणमा छिपहरमाईमा वैदेशिक रोजगारसम्बन्धी सञ्जाल गठन भएको हो ।

शम्भुप्रसाद यादवको अध्यक्षतामा गठित सञ्जालमा लालदेव राउत अहिर, विश्वेश्वरप्रसाद यादव, दिनेश यादव र भुनवेश्वर साहलगायत रहेका छन् । सो अवसरमा वैदेशिक रोजगारमा जाँदा पालन गर्नुपर्ने सुरक्षाका उपायबारे जानकारी गराइएको थियो । वैदेशिक रोजगारमा जान नेपालबाट विधिवत् तोकिएको म्यानपावर कम्पनीमार्फत जाँदा विदेशमा र नेपालमा समेत फाइदा हुने बताइएको थियो ।

वैदेशिक रोजगारमा जानेहरूको हकमा नेपालबाट जाँदा सम्बन्धित दूतावासको सहयोग लिने र म्यानपावर कम्पनीमार्फत जानेहरूको हकमा जीवन बीमा, दुर्घटना बीमा र परिवारजनलाई स्वास्थ्य उपचारमा समेत टेवा पुग्ने बताइएको थियो ।

सोबाहेक गलत तरीकाबाट भारत भएर जानेहरूलाई अनेक समस्या आइपर्ने र रोजगारको पनि समस्या हुने गरेको बताइएको थियो । जुन प्रयोजनको लागि वैदेशिक रोजगारमा जाने हो ती सबै बेहोराको जानकारी लिनको लागि नेपाल सरकारले छुट्टै वेबसाइटको व्यवस्था गरेको र सम्बन्धित दूतावासबाट पनि यस सम्बन्धमा सहयोग पाउन सकिने बताइएको थियो ।

# मदिरा बरामद

प्रस, सिम्रौनगढ, २४ जेठ/

भारतीय प्रहरीले नेपाली मदिरा बरामद गरेको छ ।

सिम्रौनगढ नजीक सीमावर्ती क्षेत्र घोडासहन प्रहरीले कसवा लोखानको बाँसबारीबाट १३१२ बोतल नेपाली मदिरा बरामद गरेको हो ।

प्रहरीले तस्करले नेपाली मदिरा छाडी भागेको र निजको खोजतलाश भइरहेको जनाएको छ ।

यसैगरी एसएसबीले दुई दिन पहिले दुई युवकसहित २८० बोतल नेपाली मदिरा बरामद गरेको थियो । भारतको बिहार राज्यमा मदिरा बिक्री, वितरण र सेवनमा प्रतिबन्ध लागेको कारण नेपाली सीमाबाट अवैधरूपमा मदिरा भारत पुर्‍याउने कार्य पछिल्लो केही वर्षदेखि निरन्तर जारी छ ।

# ठोरीमा सामुदायिक चर्च उद्घाटन

प्रस, ठोरी, २४ जेठ/

सामुदायिक प्रार्थना चर्च विशालचोकको हिजो उद्घाटन भएको छ । ठोरी गाउँपालिका अध्यक्ष लालबहादुर श्रेष्ठले एक कार्यक्रमबीच रिबन काटेर चर्च भवनको उद्घाटन गरेका हुन् ।



तस्वीरः प्रतीक

उद्घाटन कार्यक्रमलाई सम्बोधन गर्दै अध्यक्ष श्रेष्ठले आफूलाई चर्च भवनभित्र प्रवेश गर्दा आनन्दको अनुभूति भएको बताउँदै अबका दिनमा सबै धर्मको सम्मान गर्दै ठोरी सरकार अघि बढ्ने बताए ।

कार्यक्रममा गापा उपाध्यक्ष गोकुली रेग्मी, प्रमुख वक्ता पास्टर दानेल राज, पास्टर पूर्ण रसाइली, नेपाली काङ्ग्रेस ठोरीका सभापति सन्तोष श्रेष्ठ, ठोरी–४ र ५ का वडाध्यक्ष, नेपाल र भारतका विभिन्न स्थानका पास्टरहरू, ठोरी तथा जीराभवानी गापाका स्थानीयवासी लगायतको उपस्थिति थियो ।

सामुदायिक प्रार्थना चर्चका पास्टर रोशन सुनारले सहजीकरण गरेको कार्यक्रमको सभापति इसाई समाजका अगुवा हरि सुनार रहेका थिए । कार्यक्रमको शुरूमा ईसाई समाजका कलाकारहरूले स्वागत नृत्य प्रस्तुत गरेका थिए ।

दुई खण्डमा विभाजित कार्यक्रमको पहिलो खण्डमा वक्ताद्वय दानेल राज र पूर्ण रसाइलीलाई गापा अध्यक्ष श्रेष्ठले प्रशंसापत्र प्रदान गरी सम्मान गरेका थिए । कार्यक्रमको दोस्रो खण्डमा वक्ताद्वयले प्रवचन प्रस्तुत गर्ने कार्यक्रम रहेको कार्यक्रम सञ्चालक रोशन सुनुवारले बताए ।




# खेलकूदको संसार

## एसियाली खेलकूद प्रतियोगिताको तयारी शुरू

काठमाडौं, २३ जेठ/रासस

चीनमा आयोजना हुने उन्नाइसौं संस्करणको एसियाली खेलकूद प्रतियोगिताको बन्द प्रशिक्षण मङ्गलवारदेखि विधिवतरूपमा शुरू भएको छ । राष्ट्रिय खेलकुद परिषद् (राखेप) का सदस्य सचिव टङ्कलाल घिसिङले नेपालले सहभागिता जनाउने विभिन्न २३ खेलको बन्द प्रशिक्षणको उद्घाटन गरे । उनले बन्द प्रशिक्षण १९औं एसियाली खेलकूदलाई मात्रै नभई अन्य अन्तर्राष्ट्रिय प्रतियोगिताको तयारीसमेत रहने बताए ।

सदस्यसचिव घिसिङले पहिलो चरणको प्रशिक्षणको लागि रु पाँच करोड बजेट विनियोजन भएको र दोस्रो चरणको प्रशिक्षणको लागि पनि बजेट पारित भइसकेको उल्लेख गरे । कार्यक्रममा उनले २३ खेलका सम्बन्धित खेल सङ्घका पदाधिकारीलाई खेल सामग्रीसमेत हस्तान्तरण गरे । त्यसैगरी खेलाडीका तर्फबाट एथलेटिक्सकी खेलाडी सन्तोषी श्रेष्ठले बन्द प्रशिक्षणले सबै खेलाडीको उत्साह बढेको बताए । प्रशिक्षकको तर्फबाट भने भारोत्तोलन खेलका प्रशिक्षक राम पौडेलले बन्द प्रशिक्षणले खेलाडी र प्रशिक्षकमा ऊर्जा थपिएको उल्लेख गरे ।

पहिलो चरणको प्रशिक्षण यही जेठ २४ गतेदेखि आगामी असार २३ गतेसम्म चल्नेछ । तेईस खेलबाट २३० पुरुष र २८४ महिला गरी ५१४ जना खेलाडी बन्द प्रशिक्षणमा रहनेछन् । नेपालबाट तेक्वान्दो, कराँते, बक्सिङ, एथलेटिक्स, साइक्लिङ, महिला फूटबल, गल्फ, कुस्ती, भारोत्तोलन, जुडो, पौडी, ट्रायथलन, उसु, आर्चरी, बास्केटबल, कबड्डी, फेन्सिङ, ह्यान्डबल, टेबलटेनिस, महिला भलिबल, पुरुष क्रिकेट, सुटिङ र ब्याडमिन्टन खेलले सहभागिता जनाउनेछ ।

# गाँजा र काठ बरामद

प्रस, पचगावाँ, २४ जेठ/

पटेर्वासुगौली गाउँपालिका–१ गादीस्थित राष्ट्रिय वनबाट प्रहरीले १५ किलो गाँजा बरामद गरेको छ ।

सोमवार राति १२ बजे प्रहरी चौकी रङ्गपुरटाँडीका प्रहरी सहायक निरीक्षक सर्फलाल यादव नेतृत्वको टोलीले गाँजा बरामद गरी आवश्यक अनुसन्धानको लागि जिप्रका, पर्सा पठाएको छ ।

यसैगरी सशस्त्र प्रहरी सुरक्षा बेस क्याम्प बागेश्वरी तित्रौना र सबडिभिजन वन कार्यालय रङ्गपुर टाँडीको संयुक्त टोलीले मङ्गलवार बिहान २ बजे सालको दुई थान गोलिया काठ र साइकल बरामद गरेको छ । रङ्गपुरस्थित राष्ट्रिय वनबाट सालको रूख कटान गरी ल्याउने क्रममा सखुवापरसौनी गापा–२ घुसुकपुरबाट काठ बरामद भएको र सो काठ सबडिभिजन वन कार्यालय रङ्गपुरमा राखिएको सशस्त्र प्रहरी निरीक्षक मुकुन्द घिमिरेले बताए ।

# आफन्तलाई उपभोक्ता समितिको अध्यक्ष बनाएपछि विवाद

प्रस वीरगंज, २४ जेठ/

पर्साको बहुदरमाई नगरपालिकाका मेयर सिगासनसाह तेली जित्नबित्तिकै धाँधली गर्न थालेको आरोप लाग्न थालेको छ ।

सो नपाको वडा २ बैरियाबिर्ताका वडाध्यक्ष जितेन्द्र पटेललाई थाहा नदिई आफ्नै भान्जा पर्ने रमेशप्रसाद साह तेलीलाई सो वडामा मधेस प्रदेश सरकारले पठाएको रु २५ लाखको उपभोक्ता समितिको अध्यक्ष बनाएपछि विवाद शुरू भएको हो । मधेस प्रदेश सरकारले सो गाउँमा सडक तथा नाला निर्माणका लागि रकम पठाएको थियो । तर अहिले राजनीति शुरू भएको छ ।

आफू जितेपछि नियम कानूनलाई पाखा लगाएर मेयर साहले उपभोक्ता समितिका अध्यक्षमा रमेशप्रसाद तेलीलाई चयन गरेका छन् । प्रेमचन्द कुशवाहा जसपाबाट पराजित उपमेयर शान्ति देवीका पति हुन् । उनी चार सय भोटले हारेकी थिइन् । जसपाबाट उपाध्यक्ष पदका प्रत्याशी उम्मेदवार रहेका प्रेमचन्द कुशवाहाकी पत्नी शान्ति कुशवाहालाई खुशी पार्न अनुगमन समितिको संयोजक बनाइएको छ । नपा अध्यक्ष सिगासनसाह तेलीले जितेपछि अहिले सबै दलबाट जितेका उमेदवारलाई पाखा लगाई आफूखुशी काम गर्न लागेको वडाध्यक्ष जितेन्द्र पटेलले आरोप लगाएका छन् ।

# करेन्ट लागेर एकजनाको मृत्यु

प्रस, सिम्रौनगढ, २४ जेठ/

सिम्रौनगढनजीक सीमावर्ती भारतीय क्षेत्र झरोखर थानाको जमुनिया गाउँमा करेन्ट लागेर एकजनाको मृत्यु भएको छ । झरोखर पञ्चायतको भाजपा अध्यक्ष वीरेन्द्र महतोको करेन्ट लागेर मृत्यु भएको प्रहरीले जनाएको छ । खेतमा काम गरेर घर फर्कने क्रममा बिजुलीको तार खसेको र सोही तारमा परेर महतोको मृत्यु भएको स्थानीयले बताएका छन् । शव पोस्टमार्टमको लागि मोतीहारी पठाइएको छ ।

# कुटपिटबाट कुशवाहाको मृत्यु

प्रस, सिम्रौनगढ, २४ जेठ/

आदर्शकोतवाल गाउँपालिकामा कुटपिटबाट वडा नम्बर–६ पटेर्वा निवासी प्रभुप्रसाद कुशवाहाको मृत्यु भएको छ ।

प्रभुको मृत्युपछि कुटपिटमा संलग्न रहेको आरोपमा प्रहरीले किशोरी कुशवाहा र रामप्रवेश महतोलाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय, बाराका प्रवक्ता डिएसपी राजेश थापाले जानकारी दिए ।

सोमवार दिउँसो ३ बजे पटेर्वामा जग्गा नाप्ने विषयमा विवाद भएको थियो । विवाद चर्कंदै गएपछि दुवै पक्षबीच झडप भएको थियो । झडपमा घाइते भएका प्रभुलाई उपचारको लागि नेशनल मेडिकल कलेज ल्याइएको थियो । उपचारको क्रममा उनको मृत्यु भएको बारा प्रहरीले जनाएको छ ।

**डढेलोबाट बचौ र बचाऔ ।**

- सलाई, लाइटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौ,
- जङ्गलमा सलाई तथा लाइटरको प्रयोग नगरौं र गर्नैपर्ने भए सावधानीपूर्वक प्रयोग गरी राम्ररी निभाऔं,
- वन जङ्गलमा धूमपान नगरौं,
- हाम्रो सानो असावधानीले जङ्गलमात्र होइन आसपासका बस्तीसमेत उजाड हुन सक्छ,
- जन, धन र वनको संरक्षण गरौं ।

**सचेत बनौं, डढेलोबाट आफूपनि बचौ र अरूलाई पनि बचाऔं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड

# पर्सागढीमा निश्शुल्क स्वास्थ्य शिविर

नरेश याद, पर्सागढी २४ जेठ/

पर्सागढी नगरपालिका–१ आधारभूत स्वास्थ्य सेवा केन्द्रको आयोजना तथा नारायणी वयोधा अस्पतालको सहयोगमा आज निश्शुल्क स्वास्थ्य शिविर सम्पन्न भएको छ । वडाध्यक्ष राजकपूर खवासको अध्यक्षतामा भएको शिविर मा तीन सयभन्दा बढी महिला/पुरुषले स्वास्थ्य परीक्षण गराएका थिए । शिविर मा निश्शुल्क औषधि पनि वितरण गरिएको थियो ।



शिविरमा डा रविना ताम्रकार, डा विपुल भगत, डा आनन्द रौनियार, डा सन्तोषकुमार साहलगायत प्राविधिक टोलीले स्वास्थ्य परीक्षण गरेको आधारभूत स्वास्थ्य सेवा केन्द्रका प्रमुख दीपेन्द्र चौरसियाले बताए ।

कार्यक्रम नगर प्रमुख गोकर्ण पाठकको प्रमुख आतिथ्यमा भएको थियो । उनले यस प्रकारका सेवा नगरवासीलाई निरन्तर प्रदान गर्ने बताए । उनले स्वास्थ्य सबैभन्दा ठूलो सम्पत्ति भएको र यसको निरन्तरताको लागि नगरपालिकाले आगामी दिनमा ध्यान पुर्‍याउने बताए । उनले आफूलाई भएको रोगबारे चिकित्सकहरूलाई जानकारी गराएर रोग निवारण गर्न नगरवासीसँग आग्रह गरे । शिविरमा वडासचिव हीरा अर्याल, स्वास्थ्य सेवा केन्द्रका कर्मचारीलगायतको सहभागिता थियो ।

### विमानस्थल बनाउन....

अन्तर्राष्ट्रिय विमानस्थल निर्माण गर्न सरकार अघि बढिरहेको र विगत ७ वर्ष यतादेखि विमानस्थल निर्माणका लागि चारकिल्ला तोक्ने, तारबार गरी विमानस्थल निर्माण गरिने जमीन घेर्ने, सो क्षेत्रमा पर्ने पसाह खोला, बकैयाखोलामा तारजालीमा ढुङ्गा भरी तटबन्ध, निजी जमीनको मुआब्जा वितरण गर्नेजस्ता कार्य अन्तिम चरणमा पुगेको थियो । विमानस्थल मध्य पर्ने टाँगियाबस्ती अन्यत्र सार्ने सरकारको योजना अन्तिम चरणमा रहे पनि एकाएक विकल्प अन्त खोज्ने अदालतको निर्णय आउने बित्तिकै चारैतिर विरोधका आवाज उठिरहेको छ ।

एकातिर वातावरण, पर्यावरण, वन्यजन्तु संरक्षणविद्हरूले अदालतको निर्णयलाई स्वागत गरेपनि समग्र नेपालकै विकास आयोजना मेघा प्रोजेक्टका रूपमा रहेको निजगढ अन्तर्राष्ट्रिय विमानस्थल निर्माणमा सर्वोच्च अदालतद्वारा रोक गर्ने निर्णयले समग्र मुलुकको विकास, आर्थिक समृद्धि, रोजगारजस्ता कुरा सयौं वर्ष पछि पर्ने र हवाईमार्गमा नेपाल अन्य विदेशी मुलुकमाथि भरपर्नु पर्ने अवस्था सिर्जना भएको बताउँदै आएका छन् ।

निजगढ अन्तर्राष्ट्रिय विमानस्थल बनाउन जस्तोसुकै सङ्घर्ष गर्नुपरे पनि पछि नहट्ने निजगढ सार्वजनिक सरोकार समितिका अध्यक्ष एकबहादुर श्रेष्ठले बताएका छन् ।

न्यायालयले आफ्नो क्षेत्राधिकार नाघ्दै विकासमा समेत अंकुश लगाउनु पक्कै पनि विदेशी चलखेल हुन सक्ने भन्दै निजगढ अन्तर्राष्ट्रिय विमानस्थल नबनाए मुलुकको विकास, समृद्धिका लागि दुर्भाग्यपूर्ण हुने युवा समाजसेवी एंव अभियन्ता विनोद भारतीले बताए ।